# महालेखापरीक्षकको

# वार्षिक लेखापरीक्षण प्रतिवेदन

# २०७७

## पुर्नवास नगरपालिका

## कञ्चनपुर ।




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय

# Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूर [illegible] लेखापरीक्षण महानिर्देशनालय

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

Phone : 4258174
4266034
4255707
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu
Nepal


पत्र संख्या:२०७६/७७
च.नं ४४५

मिति: २०७७/३/२४

श्री नगरप्रमुखज्यू,
पुर्नवास नगरपालिका, कन्चनपुर ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यापालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।


(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक


Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.n Website : www.oagnep.gov.np


"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**

**महालेखापरिक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu
Nepal

पत्र संख्या:२०७६/७७
च.नं ४५४ मिति: २०७७/३/२४

श्री नगरप्रमुखज्यू,
पुर्नवास नगरपालिका, कन्चनपुर ।

**विषय: लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले पुर्नवास नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससगं सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तियविवरण र त्यससगं सम्बन्धित अन्य बिबरणले स्थानीयतहसगं सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्तगर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तियबिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.३ करोड २० लाख ८६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुलगर्नुपर्ने रु.१ करोड ४४ लाख ९७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड ४३ लाख ७३ हजार नियमितगर्नुपर्ने रु. ३२ लाख १६ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।९।४ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेस हुन नआएकोले उक्त दफा प्रारम्भिक प्रतिवेदनमा उल्लेखित बेरुजुका व्यहोराको अन्तिम प्रतिवेदन पाना ४३ (त्रिचालिस) यसैसाथ संलग्न छ ।

४.	आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षण सगं सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसगं हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्तगर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ ।  गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७६।१२।२४

(चन्द्रकान्त भण्डारी)

नायव महालेखापरीक्षक

# पुर्नवास नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७५।७६

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस नगरपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलब्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । सुदुरपश्चिम प्रदेशमा अवस्थित यो नगरपालिका अन्तर्गत ११ वडा, ५९ नगर सभा सदस्य, १०१.७१ वर्ग कि.मी.क्षेत्रफल र ५३६३३ जनसंख्या रहेको छ ।

**स्थानीय संचित कोषः–** आर्थिक वर्ष २०७५।७६ स्थानीय संचित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ:

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | | १ | **चालु खर्च** | | २८९९३८९७७.७४ |
| | क) नगद | | ५७५५६१.८७ | २ | **पूँजीगत खर्चलज** | | २०९५३५३९३.३९ |
| | ख) बैंक | | ७३६७०४४९.९३ | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | ० |
| २ | **राजस्व (आन्तरिक आय)** | | ० | | क) ऋण भुक्तानी | | ० |
| | क) आन्तरिक राजस्व | | १८५५५६१२.६१ | | ख) ब्याज भुक्तानी | | ० |
| | ख) राजस्व बाँडफाँड | | ९११७९५६८.०४ | | ग) अन्य भुक्तानी | | ० |
| | ग) अन्य आय | | ० | ४ | **लगानी** | | ० |
| ३ | **वित्तीय हस्तान्तरण** | | ० | | ऋण लगानी | | ० |
| | क)वित्तीय समानीकरण अनुदान | | १४६२००००० | | शेयर लगानी | | ० |
| | ख) सशर्त अनुदान | | १६०५७८३८६.७४ | | अन्य लगानी | | ० |
| | ग) समपूरक अनुदान | | ० | ५ | **धरौटी फिर्ता** | | २६९३८२९ |
| | घ) विशेष अनुदान | | ० | ६ | **कोष खर्च** | | ० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ० | ७ | **मौज्दात** | | ० |
| | क)वित्तीय समानीकरण अनुदान | | ७६५९००० | | क) नगद मौज्दात | | १०७७२९.६५ |
| | ख) सशर्त अनुदान | | ० | | ख) बैंक मौज्दात | | १०८३६२७९८.२७ |
| | ग) समपूरक अनुदान | | ० | | | | ० |
| | घ) विशेष अनुदान | | ० | | | | ० |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | ० | | | | ० |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | ० | | | | ० |
| | क) ऋण प्राप्ति | | ० | | | | ० |
| | ख) साँवा प्राप्ति | | ० | | | | ० |
| | ग) ब्याज प्राप्ति | | ० | | | | ० |
| | घ) अन्य प्राप्ति | | ० | | | | ० |
| ६ | **विभिन्न कोषतर्फको आय** | | १४६४२०१.७० | | | | ० |
| ८ | **जनसहभागिता (नगद)** | | ० | | | | ० |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | | १०००१६७८३ | | | | ० |
| १० | **धरौटी आय** | | २५०३९९८ | | | | ० |
| ११ | **लगानीको साँवा फिर्ता** | | ० | | | | ० |
| १२ | **अन्य विविध आय** | | ८२३५१६६.१६ | | | | ० |
| | **जम्मा** | | **६१०६३८७२८.०५** | | **जम्मा** | | **६१०६३८७२८.०५** |

**कार्यालयको नाम : पुर्नवास नगरपालिका,कञ्चनपुर ।** **आ.व.२०७५।७६**

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने, १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ मसान्तभित्र नै पारित गर्नुपर्ने व्यवस्था अनुसार २०७५ आषाढ मसान्तभित्र बजेट नगर सभाबाट पारित भएको छ । नगरपालिकाबाट प्राप्त विवरण अनुसार देहायका शीर्षकहरुमा सशर्त अनुदानबाट प्राप्त रकममध्ये खर्च गर्न बाँकी रहेको रु.१८८८२८१७.४३ फ्रिज भएको र रुँ१८८८२८१७.४३ संघीय सञ्चित कोषमा दाखिला गरेको छ ।<br><br>लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यावसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तीय विवरणको शुद्दताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिति २०७६।१०।२२ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन्: | |
| | **लेखापरीक्षणको क्रममा रु.१५९८१४१।९१ असुली भई दाखिला भएको छ ।** | |
| १. | **आर्थिक विवरण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ अनुसार नगरपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्ने व्यवस्था छ । नगरपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खचंको स्थिति समेत मुल्यांकन गर्न सकिने स्थिति देखिएन । | |
| २. | **बैंक हिसाब :** नगरपालिकाको खाता हिसाब र बैंक हिसाब एक आपसमा भिडान हुनुपर्दछ । नगरपालिकाको आयव्यय विवरण अनुसार (स्रेस्ताअनुसार) आषाढ मसान्तको मौज्दात रु. १०,८४,७०,५२७.९२ देखिएको छ, तर मिति २०७६।३।३१ को बैंक स्टेटमेन्ट अनुसार देहायका बैंक खातामा जम्मा रु.**११,८१,६८,७५४.८८** मौज्दात देखियो । नगरपालिकाको स्रेस्तामा र बैंक हिसाबमा रु.९६,९८,२२६।९६ फरक परेको देखिएकोले सो फरक हिसाब सम्बन्धमा बैंक हिसाब मिलान विवरण तयार गरी हिसाव मिलान गर्नुपर्दछ ।<br><br>**खाता** — **२०७५।३।३१ को मौज्दात बैंक स्टेटमेन्ट अनुसार**<br>चालू खर्च खाता ग २.१ — ६०२६५१२०.४६<br>महिला तथा बालबालिका कोष — ४५०००<br>सञ्चीतकोष — ४४३४४३११.२१<br>पूँजीगत खाता ग २.२ — ३४५८४४१<br>धरौटी — ६३९२५४५.३९ | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>कर्मचारी कल्याण कोष</td><td>४००८५२.८२</td></tr>
<tr><td>मानव संसाधन विकास कोष</td><td>१३००००</td></tr>
<tr><td>वातावरण व्यवस्थापन विशेष कोष</td><td>७५०००</td></tr>
<tr><td>मर्मत सम्भार कोष</td><td>९७५०००</td></tr>
<tr><td>प्रकोप व्यवस्थापन</td><td>१२४७४८४</td></tr>
<tr><td>गरिवि निवारण तथा सामाजिक परिचालन कोष</td><td>४३००००</td></tr>
<tr><td>जम्मा</td><td>११८१६८७५४.८८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३.</td><td>वित्तीय विवरण : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिकाकले प्रत्येक वर्ष साउन एक गते देखि आगामि वर्षको असार मसान्तसम्म्को अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । साथै नगरपालिकाले सोही ऐनको दफा ६९ मा तोकीय अनुसार आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्नेमा बैंक हिसाब समायोजनको विवरण तयार नगरेको वित्तीय विवरणहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी आय व्ययको लेखांकन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४.</td><td>बजेट तथा कार्यक्रम तर्जुमाः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा नगरपालिकाले ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । तर नगरपालिकाले उक्त समिति गठन गरेको पाईएन । त्यसैले कानून बमोजिम समितिको गठन गरी नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५.</td><td>श्रोतअनुमान तथा बजेट सिमाः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सिमा निर्धारण गर्न, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, बजेट तर्जुमा गर्दा मार्गदर्शन लगायतका कार्य गर्न ४ सदस्यीय श्रोत अनुमान तथा बजेट सिमा समिति गठनको व्यवस्था छ । तर नगरपालिकाले उक्त समितिले गठन गरेको पाईएन । त्यसैले कानून बमोजिम समितिको गठन गरी नगरपालिकाको बजेट तथा कार्यक्रमको प्रथामिकीकरण, बजेट सिमा निर्धारण र सोही अनुसार नगर सभामा बजेट तथा कार्यक्रम पेश तथा पारित गर्ने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६.</td><td>खर्च गर्ने अख्तियारीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमूख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिनभित्र वडा सचिवलाई कार्यक्रम र बजेटसहित प्रचलित कानून बमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था भएपनि बजेट कार्यान्वयनको लागि अख्तियारी प्रदान गर्ने गरेको पाइएन । अतः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम बजेट खर्च गर्ने अख्तियारी प्रदान गरी</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | खर्च गर्नुपर्ने पर्दछ । | |
| ७. | **क्षेत्रगत बजेट र खर्चको स्थिति:** मिति २०७५/३/ मा नगरसभाबाट पारित क्षेत्रगत कार्यक्रम र बजेट खर्च स्थिति देहाय बमोजिम रहेको छ: | |

| क्र.स. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत (जम्मा खर्चको तुलनामा) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २१४१७००० | १६०६८८७१ | ३.७० |
| २ | पुर्वाधार विकास | २३७५५७५७४ | १५९०७०८८१.३९ | ३६.६५ |
| ३ | सामाजिक विकास | २६४३४६८२० | २०८१९०९२३.८४ | ५७.१९ |
| ४ | वातावरण तथा विपद व्यवस्थापन | ७५४०००० | ४७४३७२५ | १.०९ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ८१४२६३० | ५८९८१४५ | १.३६ |
| **जम्मा** | | **५३९००४०२४** | **४३३९७२५४६.२३** | |

उपरोक्त विवरण अनुसार नगरसभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी ५७.१९ प्रतिशत र घटीमा १.०९ प्रतिशत रहेको छ ।

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| ८. | **पूर्वाधार तर्फको क्षेत्रगत बजेट र खर्चको स्थिति :** नगर सभाबाट पारित वित्तीय समानीकरण पूर्वाधार तर्फको क्षेत्रगत कार्यक्रम र बजेट व्यवस्थापनको स्थिति देहाय बमोजिम रहेको छ: | |

| क्र.स. | क्षेत्र | बजेट | खर्च | खर्च % (कुल पूर्वाधार बजेट खर्चको तुलनामा) |
|---|---|---|---|---|
| १ | सडक | १४७५००००० | १०८००००० | १७.४६ |
| ३ | सिंचाई | ४००००० | ४००००० | ०.६५ |
| ५ | विद्यालय भवन तथा शौचालय | १३५००००० | १३२००००० | २१.३३ |
| ६ | खेलमैदान | १००००० | १००००० | ०.१६ |
| ७ | झोलुङ्गे पुल | ० | ० | ०.०० |
| ८ | अन्य | ७६०५७५७४ | ३७३७०८८१.३९ | ६०.४० |
| | जम्मा | २३७५५७५७४ | ६१८७०८८१.३९ | |

उपरोक्त विवरण अनुसार नगरपालिकाले भौतिक पूर्वाधार तर्फको बजेटबाट सार्वजनिक सडक निर्माण र सिंचाईमा क्रमश: १७.४६ र ०.६५ बजेट खर्च गरेकोले स्वीकृत लक्ष्य अनुसार प्रगति हुन सकेको छैन ।

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| ९. | **आयको अनुमान:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले नगरपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । नगरपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१,६४,२१,०००। आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७५।७६ मा रु. १,७६,८५,१८३। लाख हजार अर्थात अनुमान भन्दा ७.७० प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| १०. | **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले नगरपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । नगरपालिकाले आर्थिक वर्ष २०७५।७६ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br><br>केन्द्रीय अनुदानबाट खर्च: ३७९४८४४०२.६२ ; आन्तरिक आय: १,७६,८५,१८३। ; आन्तरिक आय प्रतिशत: ४.६६<br><br>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४.६६ प्रतिशत मात्र रहेको छ । त्यसैले नगरपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ११. | **आयव्ययको लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नगरपालिकाले नेपाल सरकारले निर्धारण गरेबमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शीर्षकसम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष एकल खाता कोष प्रणालीबाट सञ्चालन गरी भुक्तानी गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता, बहुक्षेत्रीय पोषण, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको बजेट स्थानीय तहको सञ्चित कोषमा जम्मा गरेर खर्च गरेको, चालु र पूँजीगत खर्च शीर्षकको विनियोजन तथा नेपाल सरकारको आय तथा व्यय शीर्षकको शीर्षकगत लेखाङ्कन पालना स्थिति कमजोर रहेको, योजनागत खाता अद्यावधिक हुन नसकेको देखिन्छ । कार्यालयले तोकिएको विनियोजन तथा खर्च प्रणाली अवलम्बन गर्दै आय तथा व्ययको शीर्षकगत परिपालनामा विशेष ध्यान दिनुपर्दछ । | |
| १२. | **मध्यकालिन खर्च संरचना :** अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो कार्यक्षेत्र भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहीत मध्यकालिन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउने मध्यमकालिन खर्च संरचना कार्यान्वयनमा ल्याएको छैन । स्रोतको बितरणमुखी प्रवृत्तिलाई नियन्त्रण गर्न, स्रोतसाधनलाई प्राथमिकताप्राप्त क्षेत्रमा प्रवाह गर्न तथा योजनाहरुलाई लागतलाभ विश्लेषण गरी लागतप्रभावी बनाउन मध्यकालिन खर्च संरचनालाई कार्यान्वयन गर्न कार्यालयले ध्यान दिनुपर्दछ । | |
| १३. | **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमूख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र नगरपालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेकोमा नगरपालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायतका क्षेत्रगत बिषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधिको तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| **१४.** | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| | **नियमितताको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| **१५.** | **बजेट अबण्डा** : स्थानीय तहले बार्षिक कार्यक्रम स्वीकृत गरी कार्यक्रमगत बजेट व्यवस्था गर्नुपर्नेमा नगरपालिकाले रु.३३,४१,५०६। लाख बराबरका कार्यक्रम बजेट अबण्डा राखेको देखियो । योजना स्वीकृत नगरी बजेट व्यवस्था गर्न नमिल्ने, त्यसको लागी अबण्डामा बजेट राख्नु उपयुक्त देखिएन । यसले गर्दा कार्यक्रमको कार्यान्वयन सुनिश्चितता नहुने, रकमान्तर गरी अन्यत्र बजेट सार्ने अवस्था सृजना हुने देखिएकोले यस्तो कार्य नियन्त्रण हुनुपर्दछ । | |
| **१६.** | **आन्तरिक नियन्त्रण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्:<br>• नगरपालिकाले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको छैन ।<br>• नगरपालिकामा समयोजन भई आएका साविकका गा.वि.स. र विषयगत कार्यालयबाट हस्तान्तरण | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | भई आएका जिन्सीको अवस्था देखिने गरी विवरण तयार गरेको छैन ।<br>• नगरपालिकाको वडा कार्यालय र विषगत शाखामा छुट्टा छुट्टै जिन्सी खाता राखेको र जिन्सी सामानको एकीकृत विवरण समेत नबनेको,<br>• नगरपालिकाको मूल जिन्सी खातामा सबै जिन्सी सामानको आम्दानी नजनाई वडागत रुपमा जिन्सी खाता तयार गरेबाट जिन्सी सामान एकिन गर्न तथा अभिलेख राख्न कठिन हुने देखिएको ।<br>• कतिपय कारोबारहरु मूल्य अभिवृद्धि कर बेगरका फर्मसँग गरेको ।<br>• नगरपालिका क्षेत्र भित्र कोष प्रमाणित तथा भ्रमण प्रतिवेदन बेगर अनुगमन तथा दैनिक भ्रमण भत्ता खर्च लेख्ने गरेको ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रम समेत बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठी तर्फ केन्द्रीत भई वितरणमुखी मात्र देखिएको ।<br>• सार्वजनिक खरिद नियमावली बमोजिम कार्यालयले खरिद गुरु योजना तथा वार्षिक खरिद योजना तयार नगरी खरिद कारबाही संचालन गरेको ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गरेको छैन ।<br>अतः तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ । | |
| १७. | **आन्तरिक लेखापरीक्षण :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) र प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२(१) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्रै आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर नगरपालिकाले लेखापरीक्षण अवधिसम्म यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । त्यसैले आगामी दिनमा नगरपालिकाले कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| १८. | **आ.ले.प.शाखा :** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |

**कार्यालयको नाम : पुर्नवास नगरपालिका,कञ्चनपुर ।** **आ.व.२०७५।७६**

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| १९. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम नगरपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| २०. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका नगरपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| २१. | **कल्याण कोष** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि एकमुष्ठ रकम जम्मा गरेको देखियो । एक महिना बरावरको रकम बार्षिक रुपमा जम्मा गरी कोषमा जम्मा गर्नुपर्नेमा नगरपालिकाको तर्फबाट एकमुष्ठ जम्मा गरेको छ । तसर्थ कानूनको परीपालना गर्नु पर्दछ । | |
| २२. | **तलबी प्रतिबेदन :** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहअन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले पालिका अन्तरर्गतका(विषयगत बाहेक) कर्मचारीको तलबी प्रतिवेदन पारित नगरी रु.१,४१,१७,०८९।०६ तलब खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| २३. | **कर्मचारी व्यवस्था :** कार्यालयले उपलव्ध गराएको स्वीकृत दरबन्दी विवरण अनुसार स्थायी कर्मचारीको दरवन्दी ५२ रहेता पनि पदपूर्ति १४ जना पदपूर्ति भएको देखियो । दरबन्दी भन्दा बढी ३८ जनामा अधिकृत ६ जना सहायकमा २७ जना मा ७ आन्तरिक करारमा राखी कार्यसञ्चालन गरिएको छ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|

**२४.** **वडा सचिवको पदपूर्ति :** नगरपालिका अन्तर्गका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपूर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ।

| वडा संख्या | वडा सचिवको दरवन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ११ | ११ | ४ | ७ |

**२५.** **चौमासिक खर्चः** नगरपालिकाले स्वीकृत भएको कार्यक्रमको चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । नगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय अनुसार छः

| क्र. सं. | बजेट उपशीर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| १ | चालु खर्च तर्फ | २७४८८५१९०।२२ | ८१४८४५८७९६ | ७३५४२७००।३० | ११९८५७९०१।९६ | ६१०६०७३२।३० |
| २ | पूँजीगत खर्च तर्फ | २१३६३७४८४।३९ | १४३२२५०९।० | ४९५९१७४८।३९ | १४९७२३२२७।० | १०३२३८५७०।० |
| | जम्मा | ४८८५२२६७४।६१ | ९५८०७०९६।९६ | १२३१३४४४८।६९ | २६९५८११२८।९६ | १६४२९९३०२।३० |
| | प्रतिशत | | २९ | २६।७५ | ४४।२५ | २२।२१ |

नगरपालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.४८ करोड ८५ लाख २३ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.९ करोड ५८ लाख ७ हजार अर्थात २९ प्रतिशत, दोश्रो चौमासिकमा रु.१२ करोड ३१ लाख ३४ हजार, अर्थात २६.७५ प्रतिशत र तेश्रो चौमासिकमा रु.२६ करोड ९५ लाख  ८१ हजार, अर्थात ४४.२५प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१६ करोड ४२ लाख ९९ हजार अर्थात २२.२१ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ।

**२६.** **सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था अनुसार ८ वटा ऐन, ३ वटा नियमावली र २६ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष नगरपालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| सि.नं. | विवरण | जम्मा |
|---|---|---|
| १ | स्वीकृत घर नक्सादर्ता पास (पुरानो -२१३ तथा नयाँ -१८) | |
| २ | अस्थायी इजाजत प्रदान Lower Tie Bim Level) -१३ | |
| ३ | स्थायी इजाजत प्रदान DPC Level 2074/75 ) – ६ | |
| ४ | निर्माण सम्पन्न सिफारिस (पुरानो तथा नयाँ) - १ | |
| ५ | निर्माण सम्पन्न हुन बाँकी - ६ | |
| ६ | नक्सा पास नभएका पुराना घरहरुको अभिलेखीकरण - ५५ | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|

| | पञ्जिकरण तर्फ | |
|---|---|---|
| ७ | जन्मदर्ता | १८१९ |
| ८ | मृत्यू दर्ता | ३८७ |
| ९ | बसाईसराई दर्ता | २७२ |
| १० | बिबाहदर्ता | ७५० |
| ११ | सम्बन्ध विच्छेद दर्ता | ५ |
| | **अन्य सिफारिस** | |
| १२ | घरबाटो सिफारिस | ४९२१ |
| १३ | नागरिकता सिफारिस | |
| १४ | नाता प्रमाणित | |
| | **पूर्वाधार विकास सडक निर्माण** | |
| १५ | कालोपत्रे सडक निर्माण | ९.२ किमि |
| १६ | ग्राभेल सडक निर्माण | ४६.५किमि |
| १७ | ग्राभेल सडक मर्मत | ४ किमि |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार नगरपालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

**२७.** **न्यायिक समिति र न्याय सम्पादन :**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार नगरपालिकाको उप-प्रमुखको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ । नगरपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन अवस्था देहाय बमोजिम छ ।

| दर्ता भएका विवाद | फछ्र्यौट भएका विवाद | फछ्र्यौट हुन बाँकी विवाद |
|---|---|---|
| ७० | २९ | ३१ |

उपरोक्त विवरण अनुसार प्राप्त विवादको समयमै निरुपण तथा फछ्र्यौट गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

**कार्यक्रमगत खर्चको लेखापरीक्षणबाट देखिएका व्यहोरा**

**२८.** **लक्ष्य प्रगति :-** कार्यालयको चौमासिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरियका  ३९७ योजनाको नियम बमोजिमको उल्लिखत ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कार्यकारी, प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/ योजना | यो वर्ष कुलकार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्यप्रगति कार्यक्रम | २५% सम्म प्रगति भएका कार्यक्रम | ५०% सम्म प्रगति भएका कार्यक्रम | ७५% सम्म प्रगति कार्यक्रम |
| कार्यक्रम सङ्ख्या | २८० | ३३ | ० | ० | २४७ |
| सहायक कार्यक्रम | ११७ | ० | ० | ० | ११७ |
| **जम्मा** | ३९७ | ३३ | ० | ० | ३६४ |

**२९.** **योजनागत लक्ष्य प्रगति** : यस नगरपालिका अन्तर्गत २०७५।७६ मा क्षेत्रगत तथा समानीकरण अनुदान समेत ३९७ योजना स्वीकृत गरेका योजनामा ३३ वटा शुन्य प्रगति भएका ३६४ वटा योजनाहरु ७५ प्रतिशत प्रगति

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | भएको उल्लेख छ । शुन्य तथा कम प्रगतिका सम्बन्धमा नगरपालिकाले स्पष्ट गरेको छैन । अतः कार्यान्वयन योग्य योजना तथा कार्यक्रमको पहिचान गरी समयमै योजना सम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| **३०.** | **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलप्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । सो अनुसार दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचि तयार गरेको पाईएन । योजना तयारी सम्बन्धी उक्त व्यवस्थाको पालना गरिनु पर्दछ । | |
| **३१.** | **सभाको निर्णय कार्यान्वयन-** मिति २०७५।३।३२ मा सम्पन्न नगरपालिकाबाट पारित विभिन्न क्षेत्रगत ३९७ कार्यक्रम कार्यान्वयनको स्थिति सहितको सभाको निर्णय र प्रतिवेदन माग गरिएकोमा उपलब्ध हुन सकेन । अत सभाको निर्णय कार्यान्वयन स्थिति प्रतिवेदन तयार गरी वर्षान्तमा समिक्षा गर्नुपर्दछ । | |
| **३२.** | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानीलगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको नगरपालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन वा नगर प्रोफाइल तयार गरेको छ । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| | **राजश्व तथा आन्तरिक आयको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| **३३.** | **रसिद नियन्त्रण खाता :** कार्यालयले राजस्व असूली तथा आन्तरिक आम्दानी गर्दा नगदी रसिदको प्रयोग गर्नुपर्ने र नगदी रसिद नियन्त्रण खाता राख्नुपर्ने व्यबस्था छ । रसिद नियन्त्रण खाता राखेपनि नगदी रसिद छपाई, गत वर्षको मौज्दात र खर्च तथा जिम्मेवारी सारेको परिमाण देखिने गरी रसिद नियन्त्रण खाता राखेको छैन । रसिद प्रयोगको दैनिकी बैंक दाखिला भएको फाराम म.ले.प.फा.नं.१०८(ख) तथा म.ले.प.फा.नं.२३ नराखेकोले राजस्व असुलीमा प्रयोग भएको रसिदबाट असुल भएको सबै रकम दाखिला भएको छ भन्न सकिने आधार भएन । कतिपय वडाले अघिल्लो आ.व.को बाँकी रसिदहरु पछिल्लो बर्षमा प्रयोग जिम्मेवारी नसारी भएको छ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| ३४. | **सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा गाँउपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा यस बर्ष रोडसेस करवापत संकलन गरेको छैन । हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| ३५. | **मनोरञ्जन कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा नगरपालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस नगरपालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | |
| ३६. | **व्यवसाय कर :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट ब्यवसाय कर उठाउन सक्ने ब्यवस्था रहेको छ । नगरपालिकाको आर्थिक ऐन, २०७५ ले अनुसूची ४ अनुसार ब्यवसाय कर लगाई असुल गर्ने उल्लेख छ । यस नगरपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नुपर्नेमा व्यवसायीहरुको लगत राखी उक्त लगत अद्यावधिक गरी लगतमा भएका सम्पूर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाइएन । नगरपालिका क्षेत्रभित्रका व्यवसायलाई व्यवसायीको अभिलेख राखी करको दायराभित्र ल्याउनुपर्दछ । | |
| ३७. | **राजश्व दाखिला** : प्रदेश आर्थिक कार्यविधि ऐन अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अर्न्तगत ११ वटा वडा नगरपालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयमा आम्दानी जनाईएको रु.१०७७२९.६५ आय व्यय विवरण अनुसार नगद बाँकी देखिएकोले सो रकमको जरिवाना सहित असुल गर्नुपर्ने रु. | १०७७२९.६५ |
| ३७.१. | हाटबजार लगाउने प्रयोजनको लागि ठेक्कामा कुल कबोल अकंलाई दुई किस्तामा बुझाउनुपर्ने त्यस मध्ये ५० प्रतिशतले हुन आउने सम्झौता अगावै र बाँकी ५० प्रतिशत जेष्ठ मसान्त सम्म बुझाउनुपर्ने उल्लेख छ । तर | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | बर्षको अन्त्य मिति २०७६।३।२६ गते अर्थात ३६१ दिन ढिला गरी दाखिला गरेकोले सम्झौतामा उल्लेख भए अनुसार राजस्व रकम प्राप्त नभएकोले सम्झौता अनुसार प्रतिदिन ०.०५ प्रतिशतको दरले हुने रु. २५२७०। जरिवाना असुल उपर गर्नुपर्ने रु. | २५२७०.०० |
| | **खरिद व्यबस्थापनको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| ३८. | **बार्षिक खरिद योजना/ गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस नगरपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२०,९५,३५,३९३.३९ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर नगरपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः नगरपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| ३९. | **सवारी साधन खरिद**–स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका, २०७४ को दफा ५.१५ मा नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनका लाागि सवारी साधन खरिद गर्न नसकिने व्यवस्था छ । नगर पालिकाले यस वर्ष १२ वटा मोटरसाइकल खरिद गरी रु.२५ लाख १८ हजार खर्च गरेको छः<br><br>सि.नं / सवारी साधन / संख्या / रकम<br>१ / मोटरसाइकल / १२ / २५१८८००/- | |
| ४०. | **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ४१. | **उपभोक्ता समिति** : सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने, जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनी व्यवस्थाको पालना भएको पाईएन । | |
| ४२. | **उपभोक्ता समिति छनौट -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समूदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्रही समूदायको व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौताबाहेक सम्झौतापूर्वका उक्त प्रकृया पालना गरेको कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको ब्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनुपर्दछ । | |
| ४३. | **खर्च अनुमोदन–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समूदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट सञ्चालित योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका र बिल भुक्तानीको लागि प्राविधिक मूल्याङ्कन पेश गर्ने गरेको भएता पनि अन्य बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु समितिको पूर्ण बैठकबाट खर्च अनुमोदन गरेको प्रमाण र सार्वजनिक तथा सामाजिक लेखापरीक्षण गरी सोको प्रमाण  पेश गर्ने गरेको छैन । कार्यालयले समेत अनुगमन समितिको खाली प्रतिवेदनमा हस्ताक्षर गरेको आधारमा खर्चको सुनिश्चितता यकिन गरी भुक्तानीको लागि पेश गर्ने गरेको अवस्था देखिन्छ । नियमको प्रावधानबमोजिम कागजात पेश गर्न लगाई खर्च थप पारदर्शी एवं यथार्थपरक बनाउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ४४. | **योजना हस्तान्तरण**: निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | जिम्मेवारीसमेत तोकी योजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्नेमा कार्यालयबाट सञ्चालित बार्षिक विनियोजन भएका योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका सम्झौता अनुसारको कार्यको मात्र कार्य सम्पन्न प्रतिवेदन बनाई बार्षिक कार्यक्रम अनुसारको योजना सम्पन्न भएको यकिन गर्ने प्राविधिकहरुको प्रबृत्तिका कारण योजना पूर्ण रुपमा सम्पन्न हुने स्थिति नरहेको देखियो । योजनाहरु सम्पन्न भैसकेपश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि सञ्चालन गरिएका योजना सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारीसमेतको हस्तान्तरण गर्ने गरेको छैन । समयमा नै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समिति मै रहने गरी हस्तान्तरण गर्ने कार्यमा सम्बन्धित निकायको ध्यान जानुपर्दछ । | |
| ४५. | **सार्वजनिक तथा सामाजिक परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाबाट बार्षिक सम्पन्न योजनाहरु कार्यालयको सेवाप्रबाह सम्बन्धमा सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण भए गरेको पाईएन । ऐनले तोकेअनुसार कार्यान्वयन भएका योजनागत विकास निर्माणका कार्यको सार्वजनिक एवं सामाजिक परीक्षण गर्ने व्यवस्था सुरु गर्नुपर्ने देखिन्छ । | |
| ४६. | **गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । कार्यालयबाट निर्माण भएका संरचनाहरु खरिद गरिएका यन्त्र उपकरण, ल्यापटप ग्याबियन सिमेन्ट पाईप लगायतको भुक्तानी गर्दा सामानको गुणस्तर परीक्षण गरेको छैन । अतः खरिद भएको निर्माण सामाग्री लगायतका यन्त्र औजार लगायतका सामानहरुको गुणस्तर सम्बन्धमा सुनिश्चित गरिनुपर्दछ । | |
| ४७. | **योजना छनौट र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । नगर सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७५/७६ को अध्ययन गर्दा नगरपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । नगरपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् । | |

| योजना | रु.१ लाख सम्म | रु. १ देखि २ लाख सम्म | रु. २ देखि ५ लाख सम्मका | रु. ५ देखि १० लाख सम्मका | रु. १० लाख भन्दा बढिका | जम्मा |
|---|---|---|---|---|---|---|
| संख्या | १०३ | १०२ | १२४ | ३० | ३८ | ३९७ |
| रकम( रु.हजारमा) | ४८६५ | १०५८५ | ४५९३० | २२२१० | १२०२२२ | २०३८१३ |

उपरोक्त विवरण अनुसार नगरपालिकाले यस वर्ष रु.२० हजार देखि रु.७५ लाख सम्मका जम्मा ३९७

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र १०३ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभवी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ । | |
| ४८. | **कन्टिन्जेन्सी खर्चको अभिलेख–** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |
| ४९. | **उपभोक्ता समितिबाट निर्माण कार्य:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट कार्य गराउदा सम्पूर्ण निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नुपर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर मेशिनको प्रयोग गर्न नहुने उल्लेख छ । नियमावलीको नियम ९७ (११) अनुसार उपभोक्ता समितिका लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको नापजाँच गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको अंशसमेत कुलखर्चको विवरण सो निकायमा भुक्तानीको लागि पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष समानीकरण तथा सशर्त अनुदान (पूँजीगत) तर्फ सञ्चालित कार्यक्रमको विनियोजन भएको बजेट अनुसारको योजनागत सम्झौता सम्पन्न भएको उल्लेख छ । कार्यालयले अभिलेखको रुपमा ई.नापी कितावमा निर्माण कार्यमा लोडर, एक्साभेटर लगायतका मेशिन प्रयोग गर्ने गरी स्वीकृत लागत अनुमान अनुसार उपभोक्ता समितिलाई गएको भुक्तानीतर्फको सम्झौता अंकबाट कुल मूल्याङ्कन भएको कामको मूल्यमा ८० प्रतिशत यकिन गरी सम्झौता भएअनुसारको पुरै रकम भुक्तानी दिई बिलको मुल्याङ्कनमा बाँकी हुन आउने रकम एकमुष्ट उपभोक्ताको तर्फबाट भएको श्रमदानको अंश भनि उल्लेख गरेको देखियो । यसरी मूल्याङ्कन गर्दा अधिकाशं योजनामा कुल काम कम देखिँदा उपभोक्ताको अंश न्यून देखिने अवस्था भएकाले स्वीकृत लागत अनुमानभन्दा वास्तविक कामको मूल्याङ्कन बिल अधिक देखाई कार्यालयबाट भुक्तानी हुने अंश पुरै भुक्तानी दिने र उपभोक्ताको अंश कम देखिने समस्यालाई टेवापुग्ने गरी लागत अनुमानभन्दा बढी कामको बिल बनाई पेश गर्ने गरेको अवस्था देखियो । उपभोक्ता समितिलाई भेरिएशन स्वीकृत गर्न नमिल्ने नियमावलीको व्यवस्था विपरीत प्राविधिकहरुले लागत अनुमानभन्दा बढीको उपभोक्ता समितिको कामको विल तयार गरी भुक्तानीका लागि सिफारिस गर्ने गरेकाले यस्तो प्रबृतिमा नियन्त्रण हुनु पर्दछ । | |

**कार्यालयको नाम : पुर्नवास नगरपालिका,कञ्चनपुर ।** **आ.व.२०७५।७६**

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|

५०. **सोझै खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । ऐनको व्यवस्था विपरीत यस वर्ष पालिकाबाट प्रतिस्पर्धा बेगर सोझै खरिद गरिएको पाईयो । सोझै खरिद गरेको कार्य नियमसम्मत देखिएन । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| गो भौ न मिति | खरिद गरेको फर्म | समानको विवरण | मु.अ.क सहित रकम |
|---|---|---|---|
| ५९१/०७६/३/२८ | जय पुस्तक पसल एण्ड स्टेशनरी | कार्यालय सामान | १८०८२४ |
| ५३०/०७६/३/१५ | ग्लोवल इम्पेक्स | कार्यालय सामान | ९७४४५.५५ |
| ११९/०७५/७/१४ | सक्षम बुक्स एण्ड जनरल स्टोर | कार्यालय सामान | ६५११५ |
| ११८/०७५/७.१४ | शुभम ट्रेड एण्ड सप्लायर्स | कार्यालय सामान | १०२५९० |
| १०५/०७५/७/११ | जय पुस्कतक पसल | कार्यालय सामान | १००९४८ |
| १९०/०७५/८/१८ | लोकेन्द्र प्रिन्टीङ्ग प्रेस एण्ड पाव्लिकेशन प्रा.लि. | कार्यालय सामान | १३३०५७.५० |
| ६१/०७५/६/२४ | गोपाल एण्ड ब्रदर्श | कार्यालय सामान | ९४३३२ |
| ६३/०७५/६/२४ | नव नेत्र ट्रेडर्स एण्ड सप्लायर्स | कार्यालय सामान | ४८५१० |
| ६०/०७५/६/२४ | आयुष्मान स्टेशनरी एण्ड सप्लायर्स | कार्यालय सामान | १४३२१६ |
| २५२/०७५/९/३० | ग्लोवल इम्पेक्स | कार्यालय सामान | ९९३४३ |
| २२/०७५/६/११ | लोकेन्द्र प्रिन्टीङ्ग प्रेस एण्ड पाव्लिकेशन प्रा.लि. | कार्यालय सामान | १०४१४० |
| | जम्मा | | ११६९५२१.०५ |

५१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम नियम १९ (१) बमोजिम सार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्ने उल्लेख छ । कार्यालयले नेहा पुस्तक सदनबाट देहाय अनुसार रु.१,६७,७०५। को खरिद गरेको देखिएकोले नियम सम्मत देखिएन रु.

| गो भौ न मिति | खरिद गरेको फर्म | अवस्था | मु.अ.क सहित रकम |
|---|---|---|---|
| ११९/०७५/७/१४ | सक्षम बुक्स एण्ड जनरल स्टोर | भ्याट विल नभएको | ६५११५ |
| ११८/०७५/७.१४ | शुभम ट्रेड एण्ड सप्लायर्स | भ्याट विल नभएको | १०२५९० |
| | | | १६७७०५.०० |

**रकम: १६७७०५.००**

५२. **मूल्य अभिबृद्धि कर तथा आयकर :** मूल्य अभिबृद्धि कर ऐन,२०५२ को दफा १७ मा मूल्य अभिबृद्धि करमा दर्ता नभएका फर्मले रितपूर्वकको बिजक जारी गर्नुपर्ने उल्लेख छ । सडक निर्माणको क्रममा उपभोक्ताले मूल्य अभिबृद्धि करमा दर्ता भएका फर्मबाट ग्राभेल,एक्साभेटर,रोलर,ग्रेडर लगायतको सामान खरिद गर्दा तथा भाडामा लिई कार्य गर्दा सम्बन्धित कन्स्ट्रक्सन कम्पनीका मालिक तथा प्रतिनिधिले भपाई दादै गरी रकम लिएको देखियो । केही उपभोक्तासँग सोधपुछ एवं उपभोक्ताले सम्बन्धित कम्पनीका मालिकलाई रकम भुक्तानी दिएको बैंक स्टेटमेन्टबाट समेत प्रमाणित भएको छ । यसबाट नेपाल सरकारलाई प्राप्त हुनुपर्ने मूल्य अभिबृद्धि कर एवं आय कर प्राप्त हुन सकेको देखिएन । तसर्थ लेखापरीक्षणको समय सिमाको कारण परीक्षण हुन नसकिएमा भुक्तानी हरु तहाँबाटै पुनः छानविन गरी एकिन हुनुपर्ने र देहायका उपभोक्ताबाट मू.अ.कर

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | दर्ता भएका कम्पनीका मालिक एवं प्रतिनिधिलाई सामान खरिद वापत वा मेशीन प्रयोग गरेवापत भपाई दादैबाट भुक्तानी दिएको रकम भित्रको मू.अ.कर र ऐन अनुसार लाग्ने जरिवाना तथा आय कर ऐन,२०५८ अनुसारको अग्रिम कर समेत छानविन गरी असुल गरी संघिय राजस्वमा दाखिला गर्नुपर्ने रु. | १९५६३८१.०१ |

| गो.भौ.नं./मिति | उपभोक्ताको नाम | भुक्तानी लिने निर्माण व्यावसायीको नाम | भुक्तानी रकम | मू.अ.कर | आय कर | छुट रकम |
|---|---|---|---|---|---|---|
| ७१२/०७६/३/२६ | क्याडी टोल माटो भरान सडक वडा नं.८ नि.उ.स. | दाउत निर्माण सेवा(३०४१८२८६६) | १६१३४१ | १८५६१.३५ | २१४१.६९ | २०७०३.०५ |
| ७०९/०७६/३/२८ | वल खत्रीको घरदेखि चण्डीका चोक सम्मको बाटो फिलिङ्ग तथा ग्राभेल नि.उ.स. | पुजारा क्रियटिभ कन्स्ट्रक्सन(६०४३०९३४७) | १२८५० | १४७८.३१९ | १७०.५७५ | १६४८.८९ |
| | | सुरज कन्स्ट्रक्सन(३०३५७२५२१) | ११६००० | १३३४५.१३ | १५३९.८२ | १४८८४.९६ |
| ७०८/०७६/३/२८ | खल्लापारी अधुरो बाटामा माटो भरान उ.स.९ | सुरज कन्स्ट्रक्सन(३०३५७२५२१) | १०५००० | १२०७९.६५ | १३९३.८१ | १३४७३.४५ |
| ७०३/०७६/३/२७ | बीचफाँटा सालघारी जाने बाटो नि.उ.स. | सुरज कन्स्ट्रक्सन(३०३५७२५२१) | १२७४०० | १४६५६.६४ | १६९१.१५ | १६३४७.७९ |
| ६९४/०७६/३/२७ | तर्क चोक देखि फैरु भट्ट सम्मको बाटो नि.उ.स. | दाउत निर्माण सेवा(३०४१८२८६६) | २४६९०० | २८४०४.४२ | ३२७७.४३ | ३१६८१.८६ |
| ६९३/०७६/३/२७ | अधुरो बाटो धारो ग्राभेल उ.स.७ | दाउत निर्माण सेवा(३०४१८२८६६) | ५२४००० | ६०२८३.१९ | ६९५५.७५ | ६७२३८.९४ |
| ६८७/०७६/३/२६ | राष्ट्रिय मावि देखि राम प्र.जैसीको घर सम्म वडा नं.९ नि.उ.स. | पुजारा क्रियटिभ कन्स्ट्रक्सन(६०४३०९३४७) | ७४००० | ८५१३.२७४ | ९८२.३०१ | ९४९५.५८ |
| ६६८/०७६/३/२६ | तारा गिरी चोक देखी अंशु बर्मा जोड्ने सडक नि.उ.स. | सुरज कन्स्ट्रक्सन(३०३५७२५२१) | ३०२००० | ३४७४३.३६ | ४००८.८५ | ३८७५२.२१ |
| ६८३/०७६/३/२६ | कंकडहरी रानाको घर देखि मुल सडक ग्राभेल र ह्यूम पाईप फिलिङ्ग नि.उ.स. | दाउत निर्माण सेवा(३०४१८२८६६) | ४३४३७५ | ४९९७२.३५ | ५७६६.०४ | ५५७३८.३८ |
| | | श्री पुर विल्डर्स(३१५४९२३३४) | १९२६०० | २२१५७.५२ | २५५६.६४ | २४७१४.१६ |
| | | सुरज कन्स्ट्रक्सन(३०३५७२५२१) | ४०००० | ४६०१.७७ | ५३०.९७३ | ५१३२.७४ |
| ६७२/०७६/३/२५ | खड्का अजव सिंह रानाको घरदेखि दक्षिण मेन रोड सम्म नि.उ.स. | सुरज कन्स्ट्रक्सन(३०३५७२५२१) | ८७६०० | १००७७.८८ | ११६२.८३ | ११२४०.७१ |
| ६७१/०७६/३/२५ | ककड र घुनन्दनको चोक देखि शिविर सम्मको बाटो फिलिङ्ग र ह्यूम पाईप नि.उ.स. | पुजारा क्रियटिभ कन्स्ट्रक्सन(६०४३०९३४७) | १०३५०० | ११९०७.०८ | १३७३.८९ | १३२८०.९७ |
| ६११/०७६/३/१९ | ३ कोठे भवन तथा शौचालय नि.उ.स.८ | पुजारा क्रियटिभ कन्स्ट्रक्सन(६०४३०९३४७) | २१५६०० | २४८०३.५४ | २८६१.९५ | २७६६५.४९ |

**कार्यालयको नाम : पुर्नवास नगरपालिका,कञ्चनपुर ।** **आ.व.२०७५।७६**

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | | | | | | | रकम |
|---|---|---|---|---|---|---|---|---|
| | ५८३/०७६/३/१७ | बासु चोक देखि नरबहादुर चोक सम्म बाटो नि.उ.स. | श्री पुर विल्डर्स(३१५४९२३३४) | ३५७५० | ४११२.८३२ | ४७४.५५८ | ४५८७.३९ | |
| | | | दाउत निर्माण सेवा(३०४१८२८६६) | १८१८१३ | २०९१६.५४ | २४१३.४५ | २३३२९.९९ | |
| | ५२५/०७६/३/२० | विभिन्न अधुरो सडक ग्राभेल नि.उ.स. | श्री पुर विल्डर्स(३१५४९२३३४) | ६४९६०० | ७४७३२.७४ | ८६२३.०१ | ८३३५५.७५ | |
| | ५१४/०७६/२/ | हिरा वि.क.को घर तर्फ जाने सडक मर्मत उ.स. | पुजारा क्रियटिभ कन्स्ट्रक्सन(६०४३०९३४७) | ७२००० | ८२८३.१८६ | ९५५.७५२ | ९२३८.९४ | |
| | ११६/०७५/९/२ | हिरापुर तारापुर सडक मर्मत उ.स. | श्री पुर विल्डर्स(३१५४९२३३४) | ११३४९५० | १३०५६९.५ | १५०६५.७ | १४५६३५.१८ | |
| | ४७९/०७६/२/२१ | अरनिक बस्ती भित्र सडक खुलाई माटो भरान र फिलिङ्ग नि.उ.स. | दाउत निर्माण सेवा(३०४१८२८६६) | १५६९०० | १८०५०.४४ | २०८२.७४ | २०१३३.१९ | |
| | १३८/०७५/९/२ | जैतुन चर्च देखि हुलाकी सडक उ.स | श्री पुर विल्डर्स(३१५४९२३३४) | १५९२००० | १८३१५०.४ | २११३२.७ | २०४२८३.१९ | |
| | ३९३/०७६/१/१७ | बिचफाँटा सालघारी जाने बाटो फिलिङ्ग तथा ग्रेभल नि.उ.स. | पुजारा क्रियटिभ कन्स्ट्रक्सन(६०४३०९३४७) | ६११०० | ७०२९.२०४ | ८११.०६२ | ७८४०.२७ | |
| | ३८१/०७६/१/१३ | धनसरको घर फैरु भट्टको घरसम्म ग्राभेल नि.उ.स. | दाउत निर्माण सेवा(३०४१८२८६६) | २७४५०० | ३१५७९.६५ | ३६४३.८१ | ३५२२३.४५ | |
| | ३२८/०७५/१२/१९ | १०० नं चोक हिमचुली वन जाने बाटो ग्राभेल नि.उ.स. | दाउत निर्माण सेवा(३०४१८२८६६) | ३४५००० | ३९६९०.२७ | ४५७९.६५ | ४४२६९.९१ | |
| | ३१५/०७५/१२/१२ | सामुदायिक वन ड्यूव ट्यूवेल हुदै अपुरो सडक ग्राभेल उ.स. | श्री पुर विल्डर्स(३१५४९२३३४) | १२१५०० | १३९७७.८८ | १६१२.८३ | १५५९०.७१ | |
| | २८०/०७५/१२/२२ | विचडाडा हरियाली टोलमा जाने सडक नि.उ.स. | श्री पुर विल्डर्स(३१५४९२३३४) | ३५७६०० | ४११३९.८२ | ४७४६.९ | ४५८८६.७३ | |
| | ६१०/०७६/३/१९ | ठूली खल्ला स्लेम कल्भर्ट नि.उ.स. | कल्पना सिमेन्ट टायल उद्योग(३०१०४२२८०) | २५४००० | २९२२१.२४ | ३३७१.६८ | ३२५९२.९२ | |
| | २१४/०७५/१०/१७ | धनीराम चोक झम्बोको घरसम्म | कृष्ण राना | ८१९०० | ९४२२.१२४ | १०८७.१७ | १०५०९.२९ | |
| | २०९/०७५/१०/१७ | खल्लापारि पिकनिक स्पोर्ट अधुरो | खुसीराम तामाङ्ग | १७२८०० | १९८७९.६५ | २२९३.८१ | २२१७३.४५ | |
| | २०८/०७५/१०/१६ | सिचाराम चोक देखि रामदिन चोक | खुसीराम तामाङ्ग | १२२८५० | १४१३३.१९ | १६३०.७५ | १५७६३.९४ | |
| | २०७/०७५/१०/१६ | कर्ण पसल देखि राजा पसल सम्म | खुसीराम तामाङ्ग | १७३३३५ | १९९४१.१९ | २३००.९१ | २२२४२.१० | |
| | २०६/०७५/१०/१६ | अर्याल चोक राम छुट्टीनको घरसम्म ग्रा | खुसीराम तामाङ्ग | २३६२५० | २७१७९.२ | ३१३६.०६ | ३०३१५.२७ | |
| | २०५/०७५/१०/१६ | ललित चन्द्रको घर देखि इन्द्र चोक सम्म | सोम्बा तामाङ्ग | २२२६४० | २५६१३.४५ | २९५५.४ | २८५६८.८५ | |
| | २०४/०७५/१०/१६ | दिलमाया चोक देखि इन्द्रल चोक सम्म मर्मत | खुसीराम तामाङ्ग | २१८४०० | २५१२५.६६ | २८९९.१२ | २८०२४.७८ | |
| | २०२/०७५/१०/१५ | सिताबस्ती अधुरो ग्रा | दिनेश सुनुवार | २५६०२० | २९४५३.६३ | ३३९८.५ | ३२८५२.१२ | |
| | २२०/०७५/१०/२० | जिवन ज्योती मावि देखि दुर्गा व.क्षेत्रि चोक सम्म ग्रा | - | १६८००० | १९३२७.४३ | २२३०.०९ | २१५५७.५२ | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | | | | | | | रकम |
|---|---|---|---|---|---|---|---|---|
| | २१७/०७५/१०/२१ | हेल्थ पोस्टबाट उत्तर पुरैना जाने बाटो,हुलाकी सडक सम्म ग्रा | अर्जुन विष्ट | ४३०५०० | ४९५२६.५५ | ५७१४.६ | ५५२४१.१५ | |
| | २३८/०७५/११/५ | एकदेव जैशीको घरदेखि सानु तामाङ्गको घर सम्म ग्रा | दाउत तामाङ्ग(३०४१८२८६६) | ३४०२७५ | ३९१४६.६८ | ४५१६.९२ | ४३६६३.६१ | |
| | २३३/०७५/११/२ | राम ब.तामाङ्गको घरदेखि ढक व.को खेत सम्म ग्रा | मोलाम तामाङ्ग,एम एस.निर्माण सेवा(६०२७६५३३६) | ५७४७०० | ६६११५.९३ | ७६२८.७६ | ७३७४४.६९ | |
| | २३१/०७५/११/१ | मोहन कृष्ण गौतमको घर पश्चिम तर्फ सडक ग्रा | कृष्ण सिंह साउद | १०१७९० | ११७१०.३५ | १३५१.१९ | १३०६१.५५ | |
| | २३०/०७५/१०/२८ | इलाका प्रशासन,मदन अश्रित जाने सडक ग्रा. | - | ११५८०० | १३३२२.१२ | १५३७.१७ | १४८५९.२९ | |
| | २२८/०७५/११/२९ | बासु चोक,टाउनहाट वजार सम्म सडक ग्रा | - | १५५५५४ | १७८९५.५९ | २०६४.८८ | १९९६०.४७ | |
| | २२६/०७५/११/२८ | जोगा रोकायाको घर देखि दक्षिण सुर्खेत चोक सम्म | नर ब.गिरी | २४३८१० | २८०४८.९४ | ३२३६.४२ | ३१२८५.३५ | |
| | २५२/०७५/११/१४ | बे.न.पा १ को सिमाना, खेमराज जोशीको घर तर्फ ग्रा | देव ब.थापा | ९१८०० | १०५६१.०६ | १२१८.५८ | ११७७९.६५ | |
| | २५१/०७५/११/१४ | कृष्ण तामाङ्गको घर ,पश्चिम जगत तामाङ्ग घर सम्म ग्रा | दाउत तामाङ्ग(३०४१८२८६६) | १२६००० | १४४९५.५८ | १६७२.५७ | १६१६८.१४ | |
| | २४८/०७५/११/१२ | नेत्र सार्कीको घर देखि दक्षिण अधुरो ग्रा | देव ब.थापा | ६९९३० | ८०४५.०४४ | ९२८.२७४ | ८९७३.३२ | |
| | २४५/०७५/११/१० | किरण चोक,दिल ब.चोक सम्म ग्रा | खुसीराम तामाङ्ग | १८६१५० | २१४१५.४९ | २४७१.०२ | २३८८६.५० | |
| | २४१/०७५/११/६ | भानु जोशीको चोक देखि,७ नं.वडा जोड्ने सडक ग्रा | दाउत तामाङ्ग(३०४१८२८६६) | ३६३८५० | ४१८५८.८५ | ४८२९.८७ | ४६६८८.७२ | |
| | २४०/०७५/११/५ | झुरकानी देखि क्षेत्र लामा, धन ब.सुकविरको घर सम्म ग्रा | मोलाम तामाङ्ग,एम एस.निर्माण सेवा(६०२७६५३३६) | १५२४०० | १७५३२.७४ | २०२३.०१ | १९५५५.७५ | |
| | १२८/०७५/९/८ | बन नारायण चोक देखि स्याङ्गजा चोक सम्म सडक ग्रा.नि.उ.स | दाउत तामाङ्ग(३०४१८२८६६) | ४१२२०० | ४७४३१.२ | ५४७१.६८ | ५३८९३.८ | |
| | १५९/०७५/९/२७ | सिमरी भित्रिबाटो ग्रा.उ.स | दाउत तामाङ्ग(३०४१८२८६६) | २८८००० | ३३१३२.७ | ३८२३ | ३६९५५.७ | |
| | ५/०७६/३/३० | लमइया नाल जाने सडक तथा लालझाडि गा.पा.जोड्ने सडक ग्रा.उ.स | सुमन राना | १८१२६०० | २०८५२९.२ | २४०६१ | २३२५९०.२ | |
| | १५२/०७५/९/२५ | कालुरानाको घरदेखि तिकल कार्कीको घरसम्म र रामदयाल | गणेश विष्ट | १४१०५० | १६२२७ | १८७२ | १८०९९ | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | (अघिल्लो पृष्ठबाट क्रमशः) | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | रानाको देखि दानु बोहराको सम्म सडक ग्रा.नि.उ.स. | | | | | |
| | | | | | जम्मा | १९५६३८१.०१ |

**५३.** **ग्राभेलको बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन,कि भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने उल्लेख छ । उपभोक्ताले ग्राभेल सडक निर्माण गरी रकम भुक्तानी लिएको केही भुक्तानी सम्बन्धित भौचर परीक्षण गर्दा उपभोक्ताले खरिद गरेको ग्राभेल र सम्बन्धित विल र कार्य सम्पन्न प्रतिवेदनमा उल्लेखित परिमाण वरावर वा घटी देखिन आयो । उपभोक्तालाई ग्राभेलको कामको भुक्तानी दिदाँ ग्राभेल रोलिङ्ग गरेपछि नाप जाचँ गरी रकम भुक्तानी दिनुपर्नेमा खरिद विलको आधारमा भुक्तानी दिदाँ उपभोक्तालाई बढी भुक्तानी भएको देखियो । तसर्थ देहायका उपभोक्ताको बाहेक अन्य उपभोक्ताको तहाँबाटै छानविन गरी एकिन गर्नुपर्ने र देहायको उपभोक्ताको बढी भुक्तानी भएको रकम उपभोक्ताको अनुपातिक अशं कट्टा गरी असुल उपर गर्नुपर्ने रु.

रकम: ५०१९६९४.३२

| सि.नं. | भौ.नं./मति | उपभोक्ताको नाम | ग्राभेल विलमा उल्लेखित परिमाण(घ.मी) | हुनुपर्ने परिमाण(घ.मी) | बढी परिमाण(घ.मी) | दर | बढी रकम | बढी रोलिङ्ग परिमाण(घ.मी) | दर | रकम | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | ७६०/०७६/३/३० | भिम बस्तीसरस्वती टोलमा माटो र ग्राभेल तथा ह्यूम पाईप नि.उ.स | ११४.५ | ७१.०९ | ४३.३९ | १३०० | ५६४०७ | ० | ० | ० | ५६४०७ |
| २. | ६९४/०७६/३/२७ | तर्क चोक देखी फैरु भट्टको घर सम्म ग्राभेल भरान नि.उ.स २ | २१८ | २०३.९ | १४.१ | १५५० | २१८५५ | ० | | ० | २१८५५ |
| ३. | ६९३/०७६/३/२७ | अधुरो बाटो ग्राभेल नि.उ.स ७ | ३०६.८ | २५० | ५६.८१ | १५५० | ८८०५५.५ | ५६.८१ | १७५ | ९९४२ | ९७९९७.२५ |
| ४. | ६६८/०७६/३/२६ | तारा गिरी चोक देखि अंशु वर्मा जोड्ने सडक नि.उ.स | १९५.५ | १४८.४४ | ४७.०६ | १६०० | ७५२९६ | ० | - | ० | ७५२९६ |
| ५. | ६८३/०७६/३/२६ | कंकडहरी रानाको घर देखि मुल सडक ग्राभेल र ह्यूम पाईप फिलिङ्ग नि.उ.स. | ७१३.३ | ५१८ | १९५.३७ | १५५० | ३०२८२४ | १९५.४ | १३० | २५३९८ | ३२८२२१.६ |
| ६. | ६६१/०७६/३/ | चिरञ्जीविको घर देखि | ३९१ | ३०४.७ | ८६.३२ | १५५० | १३३७९६ | ८६.३१ | १७५ | १५१०४ | १४८९००.२५ |

**कार्यालयको नाम : पुर्नवास नगरपालिका,कञ्चनपुर ।** **आ.व.२०७५।७६**

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | | | | | | | | | | | रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २४ | दक्षिण तर्फको सडक ग्रा.नि.उ.स.४ | | | | | | | | | |
| | ७. | ६६९/०७६/३/२२ | रा.मा.वि.देखि भारत सिमाना सम्म ग्रा.सडक नि.उ.स. | ९३.७५ | ७४.२२ | १९.५३ | १३०० | २५३८९ | ० | | ० | २५३८९ |
| | | | | ४४० | १७६ | २६४ | ३०० | ७९२०० | ० | | ० | ७९२०० |
| | ८. | ६३३/०७६/३/२० | वडा नं.३का विभिन्न अधुरो सडक ग्रा. नि.उ.स. | २९१ | २३९.१ | ५१.९४ | १५५० | ८०५०७ | ५१.९४ | १७५ | ९०९० | ८९५९६.५ |
| | ९. | ५४२/०७६/३/५ | काफ्ले टोलमा अधुरो सडक ग्रा. नि.उ.स. | ९५.६२ | ६८.७५ | २६.८७ | १५५० | ४१६४८.५ | ० | | ० | ४१६४८.५ |
| | १०. | ४३१/४३२/०७६/३/५ | राम श्रेष्ठको खेत देखि बासु चोक तर्फ ग्रा. नि.उ.स.५ | २७७.६ | २२२.७ | ५४.९४ | १५५० | ८५१५७ | ५४.९४ | १७५ | ९६१५ | ९४७७१.५ |
| | ११. | ५२५/०७६/३/२ | विभिन्न अधुरो सडक ग्रा. नि.उ.स. | ९२८.९ | ७२५ | २०३.८५ | १६०० | ३२६१६० | २०३.९ | १७५ | ३५६७४ | ३६१८३३.७५ |
| | १२. | ५०७/०७६/२/२७ | न्यु सहारा टोलको बाटो नि.उ.स. ११ | ३४९.४ | २६५.६ | ८३.७२ | १३०० | १०८८३६ | ८३.७२ | १७५ | १४६५१ | १२३४८७ |
| | १३. | १३८/०७५/९/१५ | जैतुन चर्च देखि हुलाकी सडक नि.उ.स.१ | १३३७ | १०४३ | २९३.८६ | १६०० | ४७०१७६ | २९३.९ | १७५ | ५१४२९ | ५२१६०५ |
| | १४. | ४२५/०७६/२/१ | तिर्थ टोल सडक मर्मत नि.उ.स. | १७९.५ | १३६.१ | ४३.३८ | १३०० | ५६३९४ | - | - | ० | ५६३९४ |
| | १५. | ४१४/०७६/१/३१ | महतटोल ह्यूम पाईप र ग्रा. नि.उ.स. | १८२.२ | १४३.८ | ३८.४५ | १३०० | ४९९८५ | - | - | ० | ४९९८५ |
| | १६. | ३९३/०७६/१/१७ | विचफाँटा सालघारी जाने बाटो माटो फिलिङ्ग तथा ग्रा. नि.उ.स. | १६२.३ | १२५ | ३७.२५ | १६०० | ५९६०० | - | - | ० | ५९६०० |
| | १७. | ३८१/०७६/१/१३ | धनसराको घर फैरु भट्टा सम्म ग्रा.भरान नि.उ.स. | २४९.२ | १९०.६ | ५८.५९ | १५५० | ९०८१४.५ | -- | - | ० | ९०८१४.५ |
| | १८. | ३५१/०७५/१२/२७ | अमर ग्रा. नि.उ.स. | २२५.४ | १७१.९ | ५३.४९ | १३०० | ६९५३७ | - | - | ० | ६९५३७ |
| | १९. | २४९/०७५/१२/२७ | शान्ती टोल सडक नि.उ.स. | २१७.८ | १६४.७ | ५३.१२ | १५५० | ८२३३६ | - | - | ० | ८२३३६ |
| | २०. | ३२८/० | १०० नं.चोक | ३४५ | २६९.५ | ७५.४ | १५५ | ११६९७ | -- | - | ० | ११६९७८.५ |

**कार्यालयको नाम : पुर्नवास नगरपालिका,कञ्चनपुर ।** **आ.व.२०७५।७६**

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | | | | | | | | | | | रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ७५/१२/१९ | हिमचुली वन जाने बाटो सम्म माटो फिलिङ्ग तथा ग्रा. नि.उ.स. | | | ७ | ० | ९ | | | | |
| | २१. | ३२१/०७५/१२/१४ | धौली विष्टको घर तेज ब.को घर सम्म अपुरो ग्रा. नि.उ.स. | २१५ | १६४.१ | ५०.९४ | १३०० | ६६२२२ | - | - | ० | ६६२२२ |
| | २२. | ३१५/०७५/१२/१३ | सामुदायिक वन ड्युव ट्यूवेल हुँदै अधुरो सडक ग्रा. नि.उ.स. | २७० | २१०.९ | ५९.०७ | १५५० | ९१५५८.५ | ५९.०६ | १७५ | १०३३६ | १०१८९४ |
| | २३. | २८०/०७५/११/२२ | विचडाडा हरियाली टोलमा ग्रा.फिलिङ्ग नि.उ.स. | २८६ | २२३.४ | ६२.५७ | १६०० | १००११२ | ६२.५६ | १७८ | १११३६ | १११२४७.६८ |
| | २४. | २१४/०७५/१०/१७ | धनीराम चोक भम्बोको घरसम्म | ७२.६६ | ६०.९३ | ११.७३ | १५५० | १८१८१.५ | ० | ० | ० | १८१८१.५ |
| | २५. | २०९/०७५/१०/१७ | खल्लापारि पिकनिक स्पोर्ट अधुरो | २१६ | १६९.९ | ४६.०८ | १६०० | ७३७२८ | ४६.०८ | १७५ | ८०६४ | ८१७९२ |
| | २६. | २०८/०७५/१०/१६ | सिचाराम चोक देखि रामदिन चोक | ११२.५ | ९१.४१ | २१.०९ | १५५० | ३२६८९.५ | २१.०९ | १७५ | ३६९१ | ३६३८०.२५ |
| | २७. | २०७/०७५/१०/१६ | कर्ण पसल देखि राजा पसल सम्म | १६६.५ | १३२ | ३४.४७ | १५५० | ५३४२८.५ | ३४.४७ | १७५ | ६०३२ | ५९४६०.७५ |
| | २८. | २०६/०७५/१०/१६ | अर्याल चोक राम छुट्टीनको घरसम्म ग्रा | २२२.५ | १७५.८ | ४६.७२ | १५५० | ७२४१६ | ४६.७२ | १७५ | ८१७६ | ८०५९२ |
| | २९. | २०४/०७५/१०/१६ | दिलमाया चोक देखि इन्द्रल चोक सम्म मर्मत | १९७.८ | १६२.५ | ३५.२५ | १५५० | ५४६३७.५ | ३५.२५ | १७५ | ६१६९ | ६०८०६.२५ |
| | ३०. | २०२/०७५/१०/१५ | सिताबस्ती अधुरो ग्रा | ५०२ | ३९२.२ | १०९.८१ | १६०० | १७५६९६ | १०९.८ | १७५ | १९२१७ | १९४९१२.७५ |
| | ३१. | २२०/०७५/१०/२० | जिवन ज्योती मावि देखि दुर्गा ब.क्षेत्रि चोक सम्म ग्रा | २४०.६ | १८७.५ | ५३.१२ | १५५० | ८२३३६ | ५३.१२ | १७५ | ९२९६ | ९१६३२ |
| | ३२. | २१७/०७५/१०/२१ | हेल्थ पोस्टबाट उत्तर पुरैना जाने बाटो,हुलाकी सडक सम्म ग्रा | ६१६.४ | ४८०.५ | १३५.९३ | १६०० | २१७४८८ | १३५.९ | १४३ | १९४३८ | २३६९२५.९९ |

**कार्यालयको नाम : पुर्नवास नगरपालिका,कञ्चनपुर ।** **आ.व.२०७५।७६**

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | | | | | | | | | | | | रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ३३. | २३८/०७५/११/५ | एकदेव जैशीको घरदेखि सानु तामाङ्गको घर सम्म ग्रा | ३४३.८ | २७२.७ | ७१.०९ | १५५० | ११०१९० | ७१.०९ | ० | ० | ११०१८९.५ | |
| | ३४. | २३३/०७५/११/२ | राम ब.तामाङ्गको घरदेखि ढक व.को खेत सम्म ग्रा | ८२०.५ | ६४१.४ | १७९.०६ | १५५० | २७७५४३ | १७९.१ | ११५.७ | २०७१४ | २९८२५६.६६ | |
| | ३५. | २३१/०७५/११/१ | मोहन कृष्ण गौतमको घर पश्चिम तर्फ सडक ग्रा | २४० | २०३.९ | ३६.०९ | १५५० | ५५९३९.५ | ३६.०९ | ११२.५ | ४०६० | ५९९९९.६२५ | |
| | ३६. | २३०/०७५/१०/२८ | इलाका प्रशासन,मदन अश्रित जाने सडक ग्रा. | १९३.६ | १५०.८ | ४२.८२ | १५५० | ६६३७१ | ४२.८२ | १७५ | ७४९४ | ७३८६४.५ | |
| | ३७. | २२८/०७५/११/२९ | बासु चोक,टाउनहाट वजार सम्म सडक ग्रा | २६५.३ | २११.७ | ५३.५८ | १५५० | ८३०४९ | ५३.५८ | १७५ | ९३७७ | ९२४२५.५ | |
| | ३८. | २२६/०७५/११/२८ | जोगा रोकायाको घर देखि दक्षिण सुर्खेत चोक सम्म | २३३ | १८२ | ५०.९७ | १५५० | ७९००३.५ | ५०.९७ | १७५ | ८९२० | ८७९२३.२५ | |
| | ३९. | २५२/०७५/११/१४ | बे.न.पा १ को सिमाना, खेमराज जोशीको घर तर्फ ग्रा | २६७.५ | २१०.९ | ५६.५४ | १५५० | ८७६३७ | ५६.५४ | १००.९ | ५७०७ | ९३३४४.१४ | |
| | ४०. | २५१/०७५/११/१४ | कृष्ण तामाङ्गको घर ,पश्चिम जगत तामाङ्ग घर सम्म ग्रा | १७९.९ | १४०.६ | ३९.२२ | १५५० | ६०७९१ | ३९.२२ | १८३.५ | ७१९६ | ६७९८७.४७ | |
| | ४१. | २४८/०७५/११/१२ | नेत्र सार्कीको घर देखि दक्षिण अधुरो ग्रा | २२३.३ | १७३.४ | ४९.८५ | १५५० | ७७२६७.५ | ४९.८५ | ११६.५ | ५८०५ | ८३०७२.५३ | |
| | ४२. | २४५/०७५/११/१० | किरण चोक,दिल ब.चोक सम्म ग्रा | २१९.३ | १७१.१ | ४८.१६ | १५५० | ७४६४८ | ४८.१६ | १७५ | ८४२८ | ८३०७६ | |
| | ४३. | २४१/०७५/११/६ | भानु जोशीको चोक देखि,७ नं.वडा जोड्ने सडक ग्रा | ३८३.१ | २९९.२ | ८३.८८ | १५५० | १३००१४ | ८३.८८ | १७५ | १४६७९ | १४४६९३ | |
| | ४४. | २४०/०७५/११/५ | झुरकानी देखि क्षेत्र लामा, धन ब.सुकविरको घर सम्म ग्रा | २५४.३ | १९८.४ | ५५.८१ | १५५० | ८६५०५.५ | ५५.८१ | ११५.७ | ६४५६ | ९२९६१.६० | |
| | ४५. | १६२/० | मधुराम चोक | ४०२.६ | ३०४.६ | ९७.९ | १५५ | १५१७७ | ९७.९२ | १७५ | १७१३६ | १६८९१२ | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ७५/९/३० | देखि ओहोरे चोक सम्म सडक नि.उ.स. | | ८ | २ | ० | ६ | | | | |
| ४६. | १५९/० ७५/९/२७ | सिमरी भित्रिबाटो ग्रा.उ.स | ३१८.६६ | २५० | ६८.६६ | १५५० | १०६४२३ | ६८.६६ | १७५ | १२०१५ | ११८४३८.५ |
| | | | | | | | | | | जम्मा | ५०१९६९४.३२ |

५४. **बढी भुक्तानी :** उपभोक्तालाई रकम भुक्तानी गर्दा सार्वजनिक खरिद नियमावली,२०६४ को निमय ९७ को उपनियम ६ अनुसार विल भर्पाई जाँच गरी वास्तविक खर्चको आधारमा गर्नुपर्ने व्यवस्था उल्लेख छ । उपभोक्ताबाट सडक निर्माण सम्बन्धि केही भौचर परीक्षण गर्दा उपभोक्ताले पेश गरेको वि.ओ.क्यू.मा उल्लेख भएको काम तथा कार्य सम्पन्न प्रतिवेदन र विल विजक तथा भर्पाईको आधारमा वास्तविक खर्च भन्दा बढी भुक्तानी दिएको देखियो । साथै वास्तविक खर्चको आधारमा सम्झौता अनुसार १० प्रतिशत उपभोक्ताको योगदान हुनुपर्नेमा योगदान रकम समेत देखिएन । तसर्थ समय सीमाको कारण परीक्षणमा नपरेका यस्ता भुक्तानी तहाँबाटै छानविन गरी देहायका बढी भुक्तानी रकम तहाँबाट छानविन समेत गरी बढी भुक्तानी रकममा उपभोक्ताको अशं को अनुपातिक कट्टी गरी बढी भुक्तानी रकम असुल उपर गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु. १५१०४२९.०

| भौ.नं./मिति | उपभोक्ताको नाम | वास्तविक खर्च | भुक्तानी | बढी भुक्तानी | उपभोक्ताको योगदान | असुल गर्नुपर्ने |
|---|---|---|---|---|---|---|
| ७१८/०७६/३/२७ | जोग रोकायको घर देखि सुर्खेती चोक तर्फ अधुरो ग्रा.बाटो नि.उ.स. | ५५९६१६ | ७५०००० | १९०३८४ | ५५९६१.६ | २४६३४५.६ |
| ७१६/०७६/३/२७ | दुर्गाचोक देखि दक्षिण तर्फको बाटो ग्रा. नि.उ.स.४ | ३९३१०० | ५००००० | १०६९०० | ३९३१० | १४६२१० |
| ७१२/०७६/३/२७ | क्याडीटोल माटो भरान सडक वडा नं.८ नि.उ.स. | १६१३४१ | २००००० | ३८६५९ | १६१३४.१ | ५४७९३.१ |
| ७०८/०७६/३/२७ | खल्लापारी अधुरो बाटोमा माटो भरान नि.उ.स. ९ | २३६०१२ | ३००००० | ६३९८८ | २३६०१.२ | ८७५८९.२ |
| ७०९/०७६/३/२७ | विचफाँट सालघारी जाने बाटो फिलिङ्ग तथा ग्रा.बाटो नि.उ.स. | १५२४०० | १९५५७० | ४३१७० | १५२४० | ५८४१० |
| ६९४/०७६/३/२७ | तर्फचोक देखि फैरु भट्टरा सम्म ग्रा.भरान नि.उ.स. २ | २७५९०० | ३५०००० | ७४१०० | २७५९० | १०१६९० |
| ५८३/०७६/३/१७ | बासु चोक देखि नवबहादुर चोक | ३९७६९४ | ४००००० | २३०६ | ३९७६९.४ | ४२०७५.४ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सम्म बाटो नि.उ.स. | | | | | |
| ५४०/०७६/३/४ | अधुरो बाटोमा माटो फिलिङ्ग र ग्रा. नि.उ.स. | २२१७०० | ३००००० | ७८३०० | २२१७० | १००४७० |
| १३८/०७५/९/१५ | जैतुन चर्च देखि हुलाकी सडक नि.उ.स.१ | १९८२०००0 | २२५०००० | २६८००० | १९८२०० | ४६६२०० |
| ३८१/०७६/१/१३ | धनसराको घर हुदै फैरु भट्ट सम्म ग्रा.भरान नि.उ.स. | ४०२५०५ | ४००००० | -२५०५ | ४०२५०.५ | ३७७४५.५ |
| ३२१/०७५/१२/१४ | धौली विष्टको घरदेखि तेज ब.को घरसम्म अधुरो ग्रा. नि.उ.स. | ३१०४०० | ३००००० | -१०४०० | ३१०४० | २०६४० |
| २८०/०७५/११/२२ | विच डाडा हरियाली टोलमा सडक ग्रा.फिलिङ्ग नि.उ.स. | ३७५६०० | ४८६३०० | ११०७०० | ३७५६० | १४८२६० |
| | | | | | जम्मा | १५१०४२९/- |

| | | |
|---|---|---|
| ५५. | ८११।०७६।३।३० स्वास्थ्य संस्थाहरुलाई गर्भवती महिलाको लागि संस्थागत खर्च सर्सत शीर्षकबाट हुने गरेको छ । उक्त खर्च सर्शत शीर्षकबाट दिई सकेपछि पुन देहाय अनुसारमा स्वास्थ्य संस्थाहरुलाई रकम दिन पाउने आधार प्रमाण वेगर रु.२,१६,०००। भुक्तानी दिएकोमा उक्त रकम असुल गर्नुपर्ने रु. | २१६०००.०० |

| सि.नं. | स्वास्थ्य चौकीको नाम | रकम |
|---|---|---|
| १ | कालिका स्वास्थ्य चौकी | ६१२०० |
| २ | त्रिभुवन बस्ती स्वास्थ्य चौकी | ६६००० |
| ३ | परासन स्वास्थ्य चौकी | ३१२०० |
| ४ | त्रिभुवन बस्ती | ४८००० |
| ५ | पससम स्वास्थ्य चौकी | ९६०० |
| | जम्मा | २१६०००.०० |

| | | |
|---|---|---|
| ५६. | ८०५।०७६।३।३० सुदुरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधाको सम्बन्धी ऐन, २०७५ को दफा १२ मा ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ । २०७६ आषाढमा भएको नगरसभामा नगर प्रमुख जिवन थापा सहित ४७ जनालाई रु.१७६५००। नगरसभा भत्ता दिएको हुदाँ उक्त भत्ता दिन पाउने आधार प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु. | १७६५००.०० |
| ५७. | ८०३।०७६।३।३० रिजन ह्युमपाईप तथा कंक्रिट उद्योगबाट एन पि३ ६०० एम.एम.को ,४५० एम.एम र ३०० एम.एम.को ९ गोटा ह्युमपाईप खरिद गरी रु.३,९४,८३९। भुक्तानी दिएको छ । उक्त पाईप प्रयोग भएको अनुगमन प्रतिवेदन सहित कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु. | ३९४८३४.०० |
| ५८. | आय कर ऐन,२०५८ को दफा ८८ मा परामर्शदातालाई परामर्शको सेवा गरेवापत मू.अ.कर दर्ता नभएको | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>
फर्मलाई १५ प्रतिशतले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । देहायका संस्थाले देहाय वमोजिम तालिम लगायतको कार्यक्रम सञ्चालन गरेकोमा विल जारी नगर्नुका साथै अग्रिम कर समेत कट्टी गरेको नदेखिएकोले उक्त संस्थालाई ऐन अनुसार हुने अग्रिम कर १५ प्रतिशतको दरले असुल गरी संघिय रावस्वमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>परामर्शदाताको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th><th>छुट करम</th></tr>
<tr><td>८०२/०७६/३/३०</td><td>निशा नेपाल</td><td>महीला प्रबर्द्धन</td><td>२००००.००</td><td>३०००.००</td></tr>
<tr><td>७८४/०७६/३/३०</td><td>सिमाना साना किसान सहकारी संस्था लि.</td><td>सहकारी प्रर्वद्धन</td><td>१०००००.००</td><td>१५०००.००</td></tr>
<tr><td>७८०/०७६/३/३०</td><td>सिमाना साना किसान सहकारी संस्था लि.</td><td>सहकारी प्रर्वद्धन</td><td>१०००००.००</td><td>१५०००.००</td></tr>
<tr><td>७७८/०७६/३/३०</td><td>गाँउ सहर महिला विकास सहकारी संस्था लि.</td><td>किशोरी बेचविखन सम्बन्धि</td><td>१०००००.००</td><td>१५०००.००</td></tr>
<tr><td>७७६/०७६/३/३०</td><td>सुनौलो महिला कृषि सहकारी संस्था लि.</td><td>कृर्षि लद्यु वित्त ऋण</td><td>९९१००.००</td><td>१४८६५.००</td></tr>
<tr><td>७७५/०७६/३/३०</td><td>पृथ्वी मशुपालन महिला सहकारी संस्था</td><td>पशुपालन</td><td>९४८५३.००</td><td>१४२२८.२५</td></tr>
<tr><td>६६०/०७६/३/२४</td><td>सुदर्शन समान नेपाल</td><td>नपाको डकुमन्ट्री तयार</td><td>१५००००.००</td><td>२२५००.००</td></tr>
<tr><td>४४७/०७६/२/९</td><td>हाम्रै समय पत्रीका</td><td>सार्वजनिक सुनुवाई</td><td>२०००००.००</td><td>३००००.००</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>१२९५९३.२५</td></tr>
</table>
</td><td>१२९५९३.२५</td></tr>
<tr><td>५९.</td><td>
सहायक वन अधिकृत दिनेश कुमार यादवलाई नर्सरी तयार गर्न दिएको पेश्की फछ्र्यौटसँग सम्बन्धित फाँटवारी परीक्षण गर्दा निजले विभिन्न जातका विरुवा उत्पादन गरेवापत रु.१४९२६५०.० भुक्तानी लिएको देखियो । निजले उत्पादन गरेको नर्सरीको विरुवा के कती परीमाणमा रहेका छन र तीनको अवस्था तथा उक्त विरुवा प्रयोग भएको अभिलेख एवं मौज्दातको विवरण संलग्न फाँटवारी एवं कार्यालयमा देखिएन । साथै कार्यालयले नर्सरी तयार गरेको अवस्थामा अन्यत्र स्थानबाट विरुवा ल्याई वितरण समेत गरेको देखिन आयो । तसर्थ उक्त नर्सरीबाट उत्पादित विरुवाको उपभोग एवं मौज्दातबारे विवरण पेश हुनुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>खर्च रकम</th></tr>
<tr><td>७९७/०७६/३/३०</td><td>५०२६५०</td></tr>
<tr><td>७९६/०७६/३/३०</td><td>९९००००</td></tr>
<tr><td>जम्मा</td><td>१४९२६५०.०</td></tr>
</table>
</td><td>१४९२६५०.००</td></tr>
<tr><td>६०.</td><td>
७८८।०७६।३।३० नगर प्रोफाईल तयार गर्न २०७५।७८ मा रु.१४८७३६२। को लागतमा सम्पन्न गर्ने गरी इ.एफ.आई.नेपाल प्रा.लिसँग सम्झौता भएको थियो । सम्झौतामा २०७५।१०।८ गते अन्तिम प्रतिवेदन दिनुपर्ने
</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | उल्लेख छ । साथै सम्झौतामा अन्तिम प्रतिवेदन दिनुपूर्व ड्राफ्ट रिपोर्ट दिनुपर्ने उल्लेख छ । ड्राफ्ट रिपोर्ट प्राप्त भएपछि सम्बन्धित सरोकारवालासँग छलफल गरी उद्देश्य अनुसार प्रतिवेदन तयार भए नभएको एकिन गरी लक्षित उद्देश्य प्राप्त हुनेगरी नगर पालिकाबाट स्वीकृत गरेपछि अन्तिम प्रतिवेदन दिनुपर्नेमा सिधै अन्तिम प्रतिवेदन दिएको हुदाँ प्राप्त प्रतिवेदन यथार्थपरक एवम गुणस्तरिय तथा प्रयोग योग्य भए नभएको एकिन गर्न सकिने अवस्था रहेन । परामर्शदाताले नगर प्रोफाईलको अन्तिम प्रतिवेदन २०७६।३।३० मा अर्थात १२० दिन ढिला बुझाएको र कार्यालयमा दर्ता हुन आएको देखियो । सम्झौता अनुसार ढिला बुझाएमा प्रति दिन ०.०५ प्रतिशतको दरले जरिवाना लाग्ने उल्लेख छ । सोही सम्झौता अनुसार सम्झौता रकम रु.१४८७३६२। को १७० दिन ढिलोको रु.१२६४२५।७७ जरिवाना कट्टा गरी रकम भुक्तानी दिनुपर्नेमा पुरै रकम भुक्तानी दिएको हुदाँ उक्त जरिवाना रकम असुल उपर गर्नुपर्ने रु. | १२६४२५.७७ |
| ६१. | ७७४।०७६।३।३० कृषकलाई रकम अनुदान स्वरुप उपलव्ध गराउदा कृषकको छनौट विधि र मापदण्ड तयार गरिनु पर्दछ । कार्यालयले किसानको छनौट को तरिका र मापदण्ड वेगर अनुदान रकम उपलव्ध गराउदा परिमाण मुखी नतिजा आउन सक्ने देखिदैन । कृषक छनौट विधि र मापदण्ड वेगर १४ जनालाई रु.५००००। को दरले १/१ जनाबाट क्रमशः १ लाख र १ लाख ५० हजार को दरले रु.९५००००। वितरण गरेकोमा वितरण कार्य नियम सम्मत नदेखिएको रु. | ९५००००.०० |
| ६२. | **ह्यूम पाईप :** ७३५।०७६।३।३० प्रतिस्पर्धाका् माध्यमबाट चक्रेश्वरी ह्यूमपाईप उद्योगबाट चार साईजका ११५ थान ह्यूम पाईप खरिद गरी रु.१९९११९६। भुक्तानी दिएको छ । उक्त पाईपहरु ११ गोटा का दरले वडा अध्यक्षले बुझिलिएको देखियो । लेखापरीक्षण अवधिसम्म उक्त ह्यूमपाईपहरु को केही वडामा भौतिक निरीक्षण गर्दा प्रयोग नभई वडा /वडामा बाटोमा बेवारीसे अवस्थामा रहेको छ । उपभोक्ताले सडक निर्माण सम्बन्धी काम गर्दा आवश्यक पर्ने ह्यूमपाईप खरिद गरी राखेका छन । तसर्थ उक्त पाईप उपभोक्ता मार्फत प्रयोग भई श्रोतको दुरुपयोग हुने जोखिम कायमै छ । तसर्थ उक्त पाईप प्रयोग एवं अनुगमन प्रतिवेदन समेतको कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु. | १९९११९६.०० |
| ६३. | ७२३।०७६।३।२९ खप्तड एकिकृत सामुदायिक स्वास्थ्य तथा पर्यावरण संरक्षणलाई लोकसेवा आयोगको तयारी कक्षा वापत रु.३९९९९७। भुक्तानी दिएको छ । उक्त संस्थाले रितपूर्वक विजक जारि नगरी सेतो कागजमा कम्प्युटरबाट वनाई प्यान नं.६०६३५५९८२ राखी विजक जारि गरेको उक्त नम्बरमा उक्त फर्मको दर्ता देखिदैन । तसर्थ उक्त फर्मले विलमा उल्लेखित गरेको मू.अ.कर रु.४६०१७४० मध्ये ५० प्रतिशत कार्यालयले कटाई बाँकी रहेको रु.२३००८।७० र ऐन अनुसार लाग्ने जरिवाना समेत उक्त फर्मबाट असुल गरी संघिय राजस्वमा दाखिला गर्नुपर्ने रु. | २३००८.७० |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>६४.</td><td>६७४।०७६।३।२५ आय कर ऐन,२०५८ को दफा ८८ मा सेवा मुल्य भुक्तानीमा मू.अ.करमा दर्ता नभएको फर्मलाई रकम भुक्तानी गर्दा १५ प्रतिशतको दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । सन्देश मूलक सामाग्री टेलिभिजन मार्फत प्रशारण गरेवापत रु.१०००००। भुक्तानी गरेको छ । ऐन अनुसार रकम भुक्तानी गर्दा रु.३०००० कर कट्टी गर्नुपर्नेमा छुट भएको देखियो । उक्त फर्मबाट असुल गरी संघिय राजस्वमा दाखिला गर्नुपर्ने रु.</td><td>३००००.००</td></tr>
<tr><td>६५.</td><td>६१८।०७६।३।१९ बन्दना ट्रेडबाट ६० थान सिलाई मेशीन खरिद गरी रु.४५००००। भुक्तानी दिएको छ । उक्त सिलाई मेशीन वडा नं.१,१० र ११ मा २०/२० गोटाको दरले वितरण गर्ने उल्लेख छ । उक्त सिलाई मेशीन सम्बन्धित वडा दाखिला एवं प्रयोगको सुनिश्चितता भएको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>४५००००.००</td></tr>
<tr><td>६६.</td><td>६१७।०७६।३।१९ सुदुरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधाको सम्बन्धी ऐन, २०७५ को दफा १२ मा ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ । नगरपालिकाको न्यायपालिका बैठकमा ना.सु गणेश जोशी मार्फत देहायका पदाधिकारीहरुलाई पूँजीगत शीर्षकबाट न्यायपालिका बैठक भत्ता दिएकोमा उक्त भत्ता पाउने आधार प्रमाण नदेखिएकोले कर बाहेक असुल गर्नुपर्ने रु.
<table>
<tr><th>पदाधिकारीको नाम,पद</th><th>भुक्तानी रकम</th><th>कर</th><th>खुद भुक्तानी</th></tr>
<tr><td>नगर उप प्रमुख शारदा शर्मा विष्ट</td><td>१३५००</td><td>२०५०</td><td>११४७५</td></tr>
<tr><td>सदस्य मान ब.तामाङ्ग</td><td>१३५००</td><td>२०५०</td><td>११४७५</td></tr>
<tr><td>सदस्य देउसरा विक</td><td>१३५००</td><td>२०५०</td><td>११४७५</td></tr>
<tr><td>ना.सु गणेश राज जोशी</td><td>१३५००</td><td>२०५०</td><td>११४७५</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४५९००.००</td></tr>
</table></td><td>४५९००.००</td></tr>
<tr><td>६७.</td><td>६०२।०७६।३।१८ वडा सचिव ८ निर्मला विष्टले सिलाई कटाई तालिम सञ्चालन गर्न लिएको पेश्की रु.१०००००। सहित फछ्र्यौटसँग सम्बन्धित फाँटवारी परीक्षण गर्दा सिलाईमा प्रयोग गर्न झलक सिलाई मेशीन तथा धागो पसलाट ११ थान सिलाई मेशीन रु.१०००२४। मा खरिद गरेकोमा सोको दाखिला प्रमाण नदेखिएकोले उक्त मेशिनको दाखिला प्रमाण पेश गर्नुपर्ने रु.</td><td>१०००००.००</td></tr>
<tr><td>६८.</td><td>५६५।०७६।३।१५ राम दहालको खेत देखि पूर्व राम ब.श्रेष्ठको खेत सम्म जाने बाटोमा माटो भरान उपभोक्ता समिति वडा नं.५ लाई सडक वनाएवापत रु.४०००००। भुक्तानी दिएको छ । उपभोक्ताले पेश गरेको फाँटवारी परीक्षण गर्दा माटो रोलिङ्ग गरेवापत रु.४००००। को विल तयार गरी भुक्तानी लिएको देखियो । उक्त रकम नगरपालिकाकै रोलर प्रयोग गरी रु.१२०००। मात्र खर्च भएकोले बढी खर्च रु.२८०००। सम्बन्धित उपभोक्ता समितिबाट उपभोक्ताको अशंको अनुपातिक कट्टी गरी असुल गर्नुपर्ने रु.</td><td>२८०००.००</td></tr>
</table>

**कार्यालयको नाम : पुर्नवास नगरपालिका,कञ्चनपुर ।** **आ.व.२०७५।७६**

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| ६९. | ५४८।०७६।३।१३ ३२ गोटा आधारभुत विद्यालयमा पंखा खरिद तथा जडान वापत रु.५६५०००। उपलब्ध गराएको छ । उक्त रकमबाट सम्बन्धित विद्यालयले पंखा खरिद गरी जडान गरे नगरेको संलग्न फाँटवारीमा प्रमाण संलग्न नभएकोले सोको खरिद एवं जडानको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | ५६५०००.०० |
| ७०. | ५४५।०७६।३।१५ मल्ल एण्ड ग्रुप इन्जिनियरिङ्ग एसोसिएसन प्रा.लिलाई विभिन्न सडकको सर्भे तथा लागत अनुमान गरे वापत रु.११६८७१८। भुक्तानी दिएको छ । साथै सम्झौतामा अन्तिम प्रतिवेदन दिनुपूर्व ड्राफ्ट रिपोर्ट दिनुपर्ने उल्लेख छ । ड्राफ्ट रिपोर्ट प्राप्त भएपछि सम्बन्धित सरोकारवालासँग छलफल गरी उद्देश्य अनुसार प्रतिवेदन तयार भए नभएको एकिन गरी लक्षित उद्देश्य प्राप्त हुनेगरी नगर पालिकाबाट स्वीकृत गरेपछि अन्तिम प्रतिवेदन दिनुपर्नेमा सिधै अन्तिम प्रतिवेदन दिएको हुदाँ प्राप्त प्रतिवेदन यथार्थपरक एवम गुणस्तरिय तथा प्रयोग योग्य भए नभएको एकिन गर्न सकिने अवस्था रहेन । परामर्शदातासँग भएको सम्झौता नं.४५.१ मा समय भित्र प्रतिवेदन पेश नगरेमा प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशतको दरले जरिवाना हुने उल्लेख छ । मिति २०७५।१२।६ मा अन्तिम प्रतिवेदन बुझाउने गरी मिति २०७५।९।६ मा सम्झौता भएकोमा ४० दिन अर्थात मिति २०७६।१।१५ मा अन्तिम प्रतिवेदन प्राप्त भएको हुदाँ सम्झौता अनुसार रु.२३३७४।३६ सम्बन्धित फर्मबाट असुल उपर गर्नुपर्ने रु. | २३३७४.३६ |
| ७१. | ४७७।०७६।२।२० मूल्य अभिबृद्धि कर ऐन,२०५२ को दफा १७ मा मू.अ.करमा दर्ता भएको फर्मले रितपूर्वकको विजक जारी गर्नुपर्दछ । निडस नेपाल(३०१४२४६१३) ले व्यवसायी कुखुरा फालन तालिम १ हप्ते प्रदान गरेवापत रु.२०००००। भुक्तानी लिएको छ । रकम भुक्तानी लिदा विजक जारी नगरेकोले रकम भित्रको मू.अ.कर रु.२३००८।८५ तथा ऐन अनुसार लाग्ने जारिवाना समेत आन्तरिक राजस्व कार्यालयमा दाखिला गराई सोको प्रमाण पेश हुनुपर्ने रु. | २३००८.८५ |
| ७२. | ११६।०७५।९।२ हिरापुर तारापुर सडक मर्मत उपभोक्ता समिति वडा नं.१ लाई सडक निर्माण गरेवापत रु.१८०००००। भुक्तानी दिएको छ । उपभोक्ताले पेश गरेको विल विजक सहितको फाँटवारी परीक्षण गर्दा ८९० घनमिटर ग्राभेल रोलिङ्ग गरेवापत रु.२०३ को दरले रु.१८०६६०। समेत भुक्तानी लिएको देखियो । ग्राभेल रोलिङ्गको प्रति घ.मी.रु.१७५ भएकोमा प्रति घ.मि.रु.२८। ले रु.२४९२०। बढी भुक्तानी भएको हुदाँ उपभोक्तासँग उक्त रकम असुल गर्नुपर्ने रु. | २४९२०.०० |
| ७३. | ४३४।०७६।२।२ विभिन्न वडाका स्वास्थ्य शौचालयमा प्रोटोकल जाँच गरेवापत प्रति जाँच रु.६०० को दरले २०४ जनाकोलागि विभिन्न स्वास्थ्य संस्थामा रु.१२२४००। जम्मा गरिएको छ । उक्त रकम शर्सत अनुदानबाट दिई सके पछि पुनः उपलब्ध गराउन नियम सम्मत नदेखिएकोले असुल उपर गर्नुपर्ने रु. | १२२४००.०० |

**कार्यालयको नाम : पुर्नवास नगरपालिका,कञ्चनपुर ।** **आ.व.२०७५।७६**

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| ७४. | **ठेक्का बन्दोबस्त :** सार्वजनिक खरिद ऐन,२०६३ को दफा २६ को उपदफा ६ मा बोलपत्रदाता आपसमा मेलेमतो गरी बोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्तो बोलपत्र रद्ध हुने व्यवस्था छ । कार्यालयले निम्न कामको लागि बोलपत्र माग गरेकोमा पूर्ण प्रतिस्पर्धा हुदाँ ४९.४९ प्रतिशतसम्म घटीमा सम्झौता भई काम भएकोमा केही बोलपत्रमा बोलपत्र विक्रीको तुलनामा न्यून अर्थात ०.९० प्रतिशत मात्र प्रतिस्पर्धा भएको देखियो । यस सम्बन्धमा बोलपत्र पूर्ण प्रतिस्पर्धात्मक बनाउन विशेष पहल हुनुपर्दछ । २१ वटा ठेक्का मध्ये केही उदाहरण निम्नानुसार छन् । | |

| क्र.स. | कार्यक्रमको नाम | ठेक्का नम्बर | बोलपत्र बिक्री संख्या | बोलपत्र दाखिला संख्या | लागत अनुमान | स्विकृती रकम | घटी र बढी प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. | पहलमान चोक-खडक बोहरा चोक रोड अधुरो कालोपत्रे सडक निर्माण कार्य,पु.न.पा.-११ | ०७५/०७६-१४ | १४ | ३ | १२९९७३८.८ | १२८७९९९.४३ | ०.९० |
| २. | ६ नं.वडा कार्यालय भवनको पहिलो तला निर्माण कार्य | ०७५/०७६-०७ | ३२ | ३ | ४०४९८७४.५८ | ४०१९५८५.६९ | ०.७५ |
| ३. | रिमाल चोक देखि गौरी शंकर स्कुल रोड, कालोपत्रे सडक निर्माण कार्य, पु.न.पा.-०५ पुनःठेक्का | ०७५/०७६-१७ | ५ | १ | ९९९४६६.३ | ९८७०५८.३८ | १.२४ |
| ४. | राजकुमार रायमाझीको घर नजिक रोड, कालोपत्रे सडक निर्माण कार्य,पु.न.पा.-६ | ०७५/०७६-१८ | ४६ | ३ | १४९९४०९.४३ | १४६८८६८.१९ | २.०४ |
| ५. | लोहनी चोक-आनन्द बजार, काफ्ले चोक-आनन्द बजार कालोपत्रे सडक निर्माण कार्य,पु.न.पा-४, | ०७५/०७६-११ | १४ | ४ | १९९८३४३.१३ | १९५३७७६.५ | २.२३ |
| ६. | बालजागृति स्कुल देखि जिवन ज्योति स्कुल सम्मको सडक कालोपत्रे र आर.सि.सि. वडा नं.६ | ०७५/०७६-०४ | ९ | ९ | ११०९५१११.१ | ६१९५३३६.८७ | ४४.१६ |
| ७. | आईविआरडि र अरनिको बस्ती सम्म सडक कालोपत्रे वडा नं.२ र ३ | ०७५/०७६-०१ | ५ | ५ | ६९८७४७६.४७ | ३७७५५०७.३ | ४५.९७ |
| ८. | टिसिएन चोक, पशुपति चोक र टाउन सडक कालोपत्रे वडा नं.५ र ६ | ०७५/०७६-०२ | ७ | ७ | १४९९८०१२.१५ | ७९४५८८०.०८ | ४७.०२ |
| ९. | अरनिको स्कुल रोड,रोशन चोक देखि सिद्ध देवी मन्दिर,पहलमान चोक देखि खड्क बोहरा चोक सम्म सडक कालोपत्रे वडा नं.१० र ११ | ०७५/०७६-०६ | ६ | ६ | ६१९७०२७.२९ | ३२६८५११.४४ | ४७.२६ |
| १०. | विन्धवासिनि मन्दिर देखि मदन आश्रित टोल सम्मको सडक कालोपत्रे वडा नं. ११ | ०७५/०७६-०५ | ११ | ११ | ११०९९७९५.८४ | ५६०७०२९.६७ | ४९.४९ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| ७५. | कार्यालयले उपलव्ध गराएको विवरण निम्न स्थानमा निर्माण व्यावसायीले कालोपत्रे सडक गरेको छन । कालो पत्रे पिचको नगर उपप्रमुख, इन्जिनियर लगायतको रोहवरमा अवलोकन गर्दा दुवै निर्माण व्यावसायीले provinding & applying and sealing all complete as mentioned in the spesification and as directed by the engineer. आइटमको नगरेको र premixed carpet को काम 25mm को गर्ने भनिए पनि केही स्थानमा नमुना परीक्षण गर्दा तोकिएको भन्दा कम कतै आधामात्र देखिएको हुदाँ तहाँबाटै पुनः छानविन गरी तोकिएको परिमाणको नभएको कामको नापि गर्ने प्राविधिक कर्मचारी तथा अनुगमन गर्ने पदाधिकारीलाई समेत जिम्मेवार वनाई निर्माण व्यावसायीबाट तोकिएको परिमाणको काम नभएकोमा एकिन गरी सम्बन्धित निर्माण व्यावसायीबाट असुल गर्नुपर्ने रु. | ७४५६३५.९४ |

| सि.नं. | निर्माण | कामको स्थान | विल | भएको | बढी भुक्तानी | दर | रकम |
|---|---|---|---|---|---|---|---|

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|

| | व्यवासायी को नाम | | अनुसारको कामको परिमाण | परिमाण( ब.मि.) | परिमाण | | |
|---|---|---|---|---|---|---|---|
| १. | प्रशंसा कन्स्ट्रक्सन | टिसिएन चोक देखि पशुपति चोक र टाउन सम्म | ७२.९७५ ब.मी.प्रिमिक्स | ३६.४८ | ३६.४८( ब.मि.) | ४७५१.२५ | १७३३३७.४७ |
| | | | २९१९ स्क्वायर.मि.सिल्क कोड | ० | २९१९( स्क्वायर.मि) | ९१.८८ | २६८१९७.७२ |
| २. | मैटुप निर्माण सेवा | जनकल्याण तारा गिरी चोक देखि | २६.५ब.मी.प्रिमिक्स | १३.२५ | १३.२५( ब.मि.) | १४४७१ | १९१७४०.७५ |
| | | | १०६०स्क्वायर.मि.सिल्क कोड | ० | १०६०स्क्वायर.मि | १०६.५ | ११२३६० |
| | | | | | | जम्मा | ७४५६३५.९४ |

७६. सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १११ को उपनियम १(ङ) मा निर्माण कामको गुणस्तर परीक्षण गराउनु पर्ने उल्लेख छ । कार्यालयले कालोपत्रे सडक निर्माण गर्दा वि.ओ.क्यू.मा गुणस्तर परीक्षणको व्यवस्था गरेपनि आर्थिक बर्ष भरी सम्पन्न गरेका कामको गुणस्तर परीक्षण गराएको छैन । तसर्थ कालोपत्रे सडकको गुणस्तर बारे आस्वस्थ हुन सकिएन । दुई स्थानमा मात्र लेखापरीक्षणको क्रममा स्थलगत अवलोकन गरियो । लेखापरीक्षणको समय सीमाको कारण सवै स्थानमा अवलोकन हुन सकेन । तसर्थ गुणस्तरबारे आश्वस्थ हुन तहाँबाटै निम्न कामको प्राविधिकबाट प्रिमिक्स कार्पेटको मोटाई,सिल्क कोड लगायतको पुनः प्रतिवेदन तयार गरी तोकिएको परिमाणमा काम नभएमा निर्माण व्यावसायीबाट कम परिमाण काम गरेको भएमा सो परिमाणको र नगरेको कामको समेत रकम असुल गरेको विवरण पेश हुनुपर्ने रु. ३६५४५४७.००

| सि.नं. | निर्माण व्यावसायी को नाम | स्थान | प्रिमिक्स कामको परिमाण घ.मि. | दर | भुक्तानी रकम | सिल्क कोड कामको परिमाण व.मि | दर | भुक्तानी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | प्रशंसा कन्स्ट्रक्सन | विभिन्न स्थान वडा नं.२,३ | ८९.७८ | ४४०० | ३९५०३२ | ३५९१ | ९६.२५ | ३४५६३४ | ७४०६६६ |
| २. | प्रशंसा कन्स्ट्रक्सन | वडा नं.५,६ | ६२.५८ | ४७५१.२५ | २९७३४७.५ | २५०३ | ९१.८८ | २२९९७६ | ५२७३२३ |
| ३. | प्रशंसा कन्स्ट्रक्सन | वडा नं.११ | १९.३९ | ७२५०.६५ | १४०५७०.७ | ७७५.५ | ५३.५५ | ४१५२८ | १८२०९९ |
| ४. | प्रशंसा कन्स्ट्रक्सन | वडा नं.१०,११ | ४९.२५ | ९८०० | ४८२६५० | १९७० | १२ | २३६४० | ५०६२९० |
| ५. | दाउत निर्माण सेवा | वडा नं.४ | २९.१३ | १५१९० | ४४२४०८.८ | ११६५ | ६८.२ | ७९४५३ | ५२१८६२ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६. | श्रीपुर विल्डर्स | वडा नं.११ | १७.२५ | १६५०० | २८४६२५ | ६९० | २० | १३८०० | २९८४२५ |
| ७. | दाउत निर्माण सेवा | वडा नं.५ | १३.१३ | १४८५० | १९४९०६.३ | ५२५ | ९९ | ५१९७५ | २४६८८१ |
| ८ | एम.एस निर्माण सेवा | वडा नं.५ | ११.९ | १४४०१ | १७१३७३.१ | ४७५.८ | ९९ | ४७१०६ | २१८४७९ |
| ९ | एम.एस निर्माण सेवा | वडा नं.६ | २७.८८ | १४७०० | ४०९७६२.५ | २७.८८ | ९९ | २७५९.६ | ४१२५२२ |
| | | | | | | | | जम्मा | ३६५४५४७/- |

७७. **विल विजक नभएको :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । परीक्षण गरीएका केही उपभोक्ताले ग्राभेल लगायतको कार्यमा मूख्य काम ग्राभेलको खरिद विल संलग्न गरेको छैनन् । साथै ग्राभेल मानिसबाट कलेक्सन गरेको भन्ने प्रमाण समेत संलग्न फाँटवारीमा देखिदैन । यस सम्बन्धमा व्यवस्थापन पक्ष सँग छलफल हुँदा फिल्डमा काम भएको र सोही नापीको आधारमा विल तयारभएको जवाफ प्राप्त भएको छ । नियमावलीमा भएको व्यवस्था अनुसार उपभोक्ताबाट काम गराउदा कामसँग सम्बन्धित विल विजक विनै नापीको आधारमा मात्र भुक्तानी दिनु नियम सम्मत देखिएन । केही उदाहरण निम्नानुसार छन् ।

| गो.भौ.नं./मिति | उपभोक्ताको नाम | भुक्तानी रकम | ग्राभेलको मात्र भुक्तानी |
|---|---|---|---|
| १२८/०७५/९/८ | बन नारायण चोक देखि स्याङ्जा चोक सम्म सडक ग्रा.नि.उ.स | ६८०१२८ | ७०१८५६ |
| १४६/०७५/९/२३ | राम बुद्ध चोक देखि दोदा नदी सम्म माटो भरान | ४६६५४६ | १७३९२० |
| १४८/०७५/९/२३ | बुद्धिराम सुनारको चोक हुँदै आकाश काजि श्रेष्टको घर सम्म ग्रा.नि.उ.स. | ४७९४५३ | १७७३०४.५ |

७८. **अग्रिम कर :** आय कर ऐन, २०५८ को दफा ८८ मा सेवा भुक्तानीमा १५ प्रतिशतको दरले श्रोतमा अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । मू.अ.करमा दर्ता भएको प्रमाण पेश नभएको र देहाय अनुसारका पार्टिहरुले सेवा प्रवाह गरेकोमा १५ प्रतिशतको दरले अग्रिम कर कट्टी गर्नुपर्नेमा कर कट्टी छुट भएको देखिएकोले छुट कर सम्बन्धित फर्मबाट असुल उपर गरी संघिय राजस्वमा दाखिला गर्नुपर्ने रु. ३७०९६.००

| गो.भौ.नं./मिति | पार्टिको नाम | भुक्तानी रकम | कट्टी हुनुपर्ने कर | कट्टी कर | छुट कर |
|---|---|---|---|---|---|
| ३२९/०७५/११/७ | सुदुर सन्देश पव्लिकेशन प्रा.लि. | १०००० | १५०० | ० | १५०० |
| ३२९/०७५/११/७ | रेडियो सुदुर सञ्चार | १६५०० | २४७५ | ० | २४७५ |
| ३२८/०७५/११/७ | एन.वि.मिडिया नेटवर्क | २२५०० | ३३७५ | ३३८ | ३०३७ |
| ३०३/०७५/१०/२० | हाम्रै साझा पत्रिका | २१००० | ३१५० | ३१५ | २८३५ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| २९३/०७५/१०/१५ | नागरिक आवाज | १२००० | १८०० | १८० | १६२० |
| १८८/०७५/८/१६ | रेडियो सुदुर सञ्चार | १७५०० | २६२५ | २६३ | २३६२ |
| ५७९/०७६/३/२५ | आभाष कुञ्ज दैनिक | ८००० | १२०० | ० | १२०० |
| ५७६/०७६/३/२३ | कुञ्जन टुडे | ८००० | १२०० | ० | १२०० |
| ५८५/०७६/३/१८ | रेडियो सुदुर सञ्चार | २८६०० | ४२९० | ४२९ | ३८६१ |
| ५८५/०७६/३/१८ | एन.वि.मिडिया नेटवर्क | २८६०० | ४२९० | ४२९ | ३८६१ |
| ५३४/०७६/३/१५ | आर्थिक खप्तड टुडे | ९८०० | १४७० | ० | १४७० |
| ५२१/०७६/३/१३ | जनक्रान्ती नेपाल दैनिक | १५००० | २२५० | ० | २२५० |
| ५०२/०७६/३/२ | सुदुर सन्देश पब्लिकेशन प्रा.लि. | १५००० | २२५० | ० | २२५० |
| ४४७/०७६/१/३० | एन.वि.मिडिया नेटवर्क | १९२०० | २८८० | ० | २८८० |
| ४४७/०७६/१/३० | रेडियो सुदुर सञ्चार | १९२०० | २८८० | ० | २८८० |
| ७/०७५/६/८ | नागरिक आवाज | १०५०० | १५७५ | १६० | १४१५ |
| | | | | | ३७०९६.०० |

७९.

**भ्रमण खर्च :** सुदुर पश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :

- अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।
- नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।
- भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।
- कतिपय भ्रमणहरु नगरपालिकासँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।
- स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

अत: स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

८०.

**सरुवा भ्रमण खर्च :** भ्रमण खर्च नियमावली, २०६४ को नियम ९ मा सरुवा भै एक जिल्लाबाट अर्को जिल्लामा जाँदा कर्मचारीले नियमावली बमोजिम दैनिक भत्ता र भ्रमण खर्च पाउने व्यवस्था रहेको छ । कार्यालयले ना.सु.श्री गणेश राज जोशीलाई सरुवा भई जादाँ ४ जना परिवार सहितको भ्रमण खर्च रु.२३२००। भुक्तानी हुनुपर्नेमा रु. ३३४००। भुक्तानी भएकोले पाउने भन्दा बढी खर्च भुक्तानी लगेको रु.१०२००। निजबाट असुल उपर गर्नुपर्ने रु. १०२००.००

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>८१.</td><td>स्वकीय सचिव/सल्लाहकार : सुदुर पश्चिम प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ मा यस प्रदेश भरका स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । तर नगर प्रमुखको स्वकीय सचिव श्री टेक बहादुर थापा नियुक्त गरी रु.३२९५००। भुक्तानी भएको छ । यसरी कानून विपरित स्वकीय सचिव/सल्लाहकार नियुक्ती गरी खर्च लेख्ने पदाधिकारीबाट असूल गरी स्थानीय संचित कोष दाखिला गर्नुपर्ने रु.</td><td>३२९५००.००</td></tr>
<tr><td>८२.</td><td>वडा कार्यालयबाट भएको खर्च : नगरपालिकाले वडा कार्यालयलाई जम्मा रु १५८४०००। भुक्तानी दिएको छ । वडा कार्यालयसँग सम्बन्धित खर्चहरु नगर कार्यपालिकाबाट भुक्तानी भईरहेको अवस्थामा वडा कार्यालयबाट थप बैठक भत्ता, जिन्सी सामान खरिद, अनुगमन/भ्रमण लगायतका कार्यमा खर्च भएका छन् । यसरी वडागत रुपमा खर्च गर्दा जिन्सी विवरण अद्यावधिक नभएको, वडा कार्यालयको खर्चमा एकरुपता नदेखिएको तथा नगरपालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने जोखिम समेत देखिएकाले दुई निकायबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८३.</td><td>स्थानीय तहका पदाधिकारी सुविधा : नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार नगरपालिकाबाट देहाय बमोजिम रु.५१,५७,६००/- सुविधा वापत भुक्तानी भएको छ ।
<table>
<tr><th>सि. नं</th><th>विवरण</th><th>प्रमुख</th><th>उपप्रमुख</th><th>वडा अध्यक्ष ११ जना</th><th>कार्यपालिका सदस्य ८ जना</th><th>सभाका सदस्य ३८ जना</th><th>जम्मा</th></tr>
<tr><td>१.</td><td>मासिक सुविधा</td><td>४२००००</td><td>३६००००</td><td>७९२०००</td><td>८६४०००</td><td>२५९२०००</td><td>५०२८०००</td></tr>
<tr><td>२.</td><td>सञ्चार सुविधा (मासिक दरमा)</td><td>१९२००</td><td>१८०००</td><td>९२४००</td><td>०</td><td>०</td><td>१२९६००</td></tr>
<tr><td colspan="7" align="right">जम्मा</td><td>५१५७६००/-</td></tr>
</table></td><td></td></tr>
<tr><td>८४.</td><td>पदाधिकारी अन्य सुविधा : सुदुरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधाको सम्बन्धी ऐन, २०७५ को दफा १२ मा ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ । नगरपालिकाले ऐनले तोकेको सुबिधावाहेक बर्ष भरी बैठक भत्ता रु.९७४१००। र ११ जना वडा अध्यक्ष र ८ जना वडा सदस्यहरुलाई इन्धनवापत रु.४,८०,०००। सहित जम्मा रु. सुविधा खर्च लेखेको</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | देखियो । यसरी ऐनमा व्यवस्था नभई लिएको उक्त रकम नियम संगत नदेखिएको रु. | १४५४१००.०० |
| ८५. | **आर्थिक सहायता :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र कार्य गर्ने आवश्यक पेर्ने ऐन, नियम, निर्देशिका, कार्यविधि बनाई स्थानीय राजपत्रमा प्रकाशित गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले यस प्रकारको कुनै पनि कानून तथा कार्यविधि बेगर विलभरपाईका आधारमा स्थानीय उद्दार, राहात तथा पुन:स्थापना, विपन्न वर्गलाई औषधि उपचार लगायतकाका कार्यमा आर्थिक सहायता उपलब्ध गराएको छ । यसरी खर्चको विल भरपाई राखी गाउँ कार्यपालिकाको विभिन्न मितिको निर्णय अनुसार रु.१,०००। देखि रु.५०,०००। सम्म जम्मा रु.७,२८,०००। आर्थिक सहायता वितरण गरेको छ । यस्तो सहयोग उपलब्ध गराउँदा आवश्यक कानून तथा कार्यविधि बनाई सोको आधारमा सदुपयोग हुने गरी वितरण गर्नेतर्फ समेत ध्यान दिनु पर्दछ । | |
| ८६. | **विशेष भत्ता -** नेपाल सरकारबाट स्थानीय निकायमा खटिएका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामजिक परिचालन खर्च पाउने व्यवस्था छ । नेपाल सरकारले तोकिएको काम गरे बापत तलव भत्ता सुविधा उपलब्ध गराएको अवस्थामा कुन काम कति अतिरिक्त समय कार्य गरी कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता भुक्तानी भएको हो सो समेत खुल्दैन । नगरपालिकाको निर्णय अनुसार कर्मचारीहरुको अधिक कार्यबोझ बहन गर्नुपर्ने कारण जनाई निश्चित सुचकको आधारमा दैनिक निश्चित प्रतिशत प्रोत्साहन भत्ता वितरण गर्ने तथा कामको बाँडफाडको आधारमा मासिक प्रतिवेदनको आधारमा प्रोत्साहन भत्ता दिन सकिने निर्णय गरेपनि सूचक तयार नगरी यस आ.व.मा नगरपालिकाले कर्मचारीहरुलाई रु.६,४४,४३०।०० भत्ता दिएको देखियो । विना सूचकका आधारमा भत्ता वितरण गर्ने तथा स्पष्ट आधार एवं कार्यविधि विना तथा नियमावलीमा स्पष्ट उल्लेख गरेभन्दा फरक कार्यमा खर्च लेखेको रकम अनियमित देखिएको रु. | ६४४४३०.०० |
| | **शसर्त अनुदान तर्फ** | |
| ८७. | **शिक्षक तलब निकासा :** शिक्षा समन्वय ईकाई, कन्चनपुरबाट प्राप्त विवरण अनुसार देहायका विद्यालयहरुका कार्यरत निम्न शिक्षकहरु देहायका मितिमा अनिवार्य अवकाश भएका छन् । कार्यालयले उक्त विद्यालयलहरुलाई शिक्षक तलब,भत्ता अनुदान निकासा उपलब्ध गराउँदा, अवकाश अवधिसम्मको रकम निकासा गर्नुपर्नेमा, निम्नानुसार बढी रकम भुक्तानी गरेकोले, बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गरिनुपर्ने रु | १४३७१०.७८ |

| विद्यालय | चौमासिक | अवकाश मिति | निकासा रकम | निकासा हुनुपर्ने रकम | बढी निकासा |
|---|---|---|---|---|---|
| श्री दुर्गा मा.बि | प्रथम | २०७५/६/९ | १९०७७५.४ | १२३२३५.०२ | ६७५४०.३८ |
| श्री बिजय मा.बि | द्धितिय | २०७५/९/१९ | १३०२२६.० | ५४०५५.६ | ७६१७०.४ |
| **जम्मा** | | | | | **१४३७१०.७८** |

**कार्यालयको नाम : पुर्नवास नगरपालिका,कञ्चनपुर ।** **आ.व.२०७५।७६**

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>८८.</td><td>

**कार्यसम्पादन प्रतिवेदन :** सार्वजनिक खरिद नियमावलीको नियम १२५(२) बमोजिम कार्यालय प्रमुखले निर्माण कार्य स्वीकृत ड्रईङ, डिजाइन वा स्पेसिफिकेसन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार गराउनुपर्दछ । कार्यालयले देहायका विद्यालयलाई भौतिक निर्माण बापत रकम भुक्तानी गरेकोमा, कार्यसम्पन्न प्रतिवेदन एबम् बिल भर्पाई पेश नभएकोले, निर्माण कार्यको बिल भर्पाई सहित कार्यसम्पादन प्रतिवेदन पेश हुनुपर्ने रु

<table>
<tr><th>भौ.नं/मिती</th><th>विद्यालय</th><th>योजना</th><th>रकम</th></tr>
<tr><td>१०,१९१/२०७६/२/२०</td><td>श्री बालबागिश्वरी मा.बि</td><td>चार कोठे भवन निर्माण</td><td>१८००००.०</td></tr>
<tr><td>१०,१९१/२०७६/२/२०</td><td>श्री राष्ट्रिय मा.बि</td><td>चार कोठे भवन निर्माण</td><td>१८००००.०</td></tr>
<tr><td>१०,१९१/२०७६/२/२०</td><td>श्री अलंकार आ.बि</td><td>दुई कोठे भवन निर्माण</td><td>१६००००.०</td></tr>
<tr><td>१०,१९१/२०७६/२/२०</td><td>श्री राष्ट्रिय मा.बि</td><td>दुई कोठे भवन निर्माण</td><td>१६००००.०</td></tr>
<tr><td>१९१/२०७६/३/३०</td><td>श्री विजय मा.बि</td><td>सरसफाई सहितको शैचालय निर्माण</td><td>७०००००.०</td></tr>
<tr><td>१९१/२०७६/३/३०</td><td>श्री मदन आश्रित आ.बि</td><td>सरसफाई सहितको शैचालय निर्माण</td><td>७०००००.०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>८२०००००.०</td></tr>
</table>

</td><td>८२०००००.०</td></tr>
<tr><td>८९.</td><td>

कार्यालयले देहाय योजना संचालन बापत देहायका पदाधिकारीहरुलाई रकम भुक्तानी गरेकोमा, सोको कार्यसम्पन्न पेश नभएकोले निर्माण कार्यको बिल भर्पाई सहित कार्यसम्पादन प्रतिवेदन पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु

<table>
<tr><th>भौ.नं/मिति</th><th>योजना</th><th>भुक्तानी बुझिलिने</th><th>रकम</th></tr>
<tr><td>३७/२०७५/७/७</td><td>माटो पुर्ने कार्य</td><td>वडा अध्यक्ष, नारायण प्रसाद जैशी</td><td>१८०००.०</td></tr>
<tr><td>३८/२०७५/७/८</td><td>बाटो मर्मत कार्य</td><td>वडा अध्यक्ष, सन्त कुमार चौधरी</td><td>७११८१.०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>८९१८१.०</td></tr>
</table>

</td><td>८९१८१.०</td></tr>
<tr><td>९०.</td><td>

कार्यालयले दातृ संस्था, उपभोक्ता एवम् नगरपालिकाको संयुक्त लागत सहभागितामा निर्माण भएको देहायका सार्वजनिक शैचालय निर्माण बापत रकम भुक्तानी गरेकोमा, सोको कार्यसम्पन्न प्रतिवेदन एबम् बिल भर्पाई पेश नभएकोले निर्माण कार्यको बिल भर्पाई सहित कार्यसम्पादन प्रतिवेदन पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु

<table>
<tr><th>भौ.नं/मिति</th><th>योजना</th><th>लागत अनुमान</th><th>नगरपालिका भुक्तानी</th></tr>
<tr><td>८/२०७५/६/११</td><td>सार्वजनिक शैचालय निर्माण</td><td>३४०४२२.०५</td><td>८९३५८.७४</td></tr>
<tr><td>९/२०७५/६/११</td><td>अलंकार सार्वजनिक शैचालय निर्माण</td><td>३४२७५०.४९</td><td>९१३३७.९२</td></tr>
<tr><td>९२/२०७५/८/९</td><td>शहिद भवनमा शैचालय निर्माण</td><td>३४२७५०.४९</td><td>९१३३७.९२</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२७२०३४.५८</td></tr>
</table>

</td><td>२७२०३४.५८</td></tr>
<tr><td>९१.</td><td>

**करकट्टी :** भौ.नं १३७/२०७६/३/१६, आयकर ऐन, २०५८ को दफा ८८ मा परामर्श सम्बन्धी कार्य गरेवापत रकम भुक्तानी गर्दा सम्झौता अनुसार १५ प्रतिशतको दरले अग्रिम करट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले नगरपालिकामा रहेका स्वास्थ्य संस्थाहरुको सामाजिक परीक्षणका लागि ग्रामिण विकास केन्द्र, महेन्द्रनगरलाई सो संस्थाको बिल बेगर रु ९४,१९५.०० भुक्तानी गरेकोमा अग्रिम करकट्टी गरेको छैन । अतः ऐन बमोजिम

</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | परामर्श सेवा बापत १५ प्रतिशतका दरले रु १४,१२९.२५ अग्रिम करकट्टी गर्नुपर्नेमा करछुट भएकोले उक्त संस्थाबाट छुटकर असुल गर्नुपर्ने रु | १४१२९.२५ |
| ९२. | १४९/२०७५/९/२४, आयकर ऐन, २०५८ को दफा ८८ मा परामर्श सम्बन्धी कार्य गरेवापत रकम भुक्तानी गर्दा सम्झौता अनुसार १५ प्रतिशतको दरले अग्रिम करट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले शारिरिक अपांगता भएका व्यक्तिहरुलाई एक दिने शारिरिक अपांगता सहायक सामग्री परिक्षण शिविर संचालनका लागी नेपाल राष्ट्रिय समाज कल्याण संघलाई रु.३,००,०००.० भुक्तानी गरेकोमा अग्रिम करकट्टी रु ४५००.० मात्र गरेको छ । अत: ऐन बमोजिम परामर्श सेवा बापत १५ प्रतिशतका दरले रु ४५,०००.० अग्रिम करकट्टी गर्नुपर्नेमा रु ४०,५००.० करछुट भएकोले उक्त संस्थाबाट छुटकर असुल गर्नुपर्ने रु | ४०५००.० |
| ९३. | **अनुगमन भत्ता :** १४४/२०७६/३/२२, संघिय सरकारबाट हस्तान्तरित कार्यक्रमको कार्यान्वयन गर्दा प्राप्त निर्देशिकाको कार्यान्वयन गरिनुपर्दछ । कार्यालयले प्रारम्भिक पढाई सिप विकासका लागि न्युनतम प्याकेज कार्यान्वयन कार्यक्रम अन्तर्गत बि.नि रुपराम तिरुवालाई रु ९९३७५.० भुक्तानी गरेको छ । संलग्न फाँटवारी परिक्षण गर्दा उक्त कार्यक्रमको अनुगमन बापत देहायका पदाधिकारीलाई अनुगमन भत्ता भुक्तानी गरेकोमा, कार्यक्रम कार्यान्वयन निर्देशिकामा सो कार्यक्रमको अनुगमन बापत भत्ता पाउने व्यवस्था नभएकोले, तोकिए बाहेक भुक्तानी भएको भत्ता सम्बन्धितबाट असुल गरिनुपर्ने रु | ५२७००.० |

| सि.नं | नाम | रकम | करकट्टी | **भुक्तानी रकम** |
|---|---|---|---|---|
| १ | नगर प्रमुख, जीवन राज आचार्य | ६०००.० | ९००.० | ५१००.० |
| २ | नगर उपप्रमुख, शारदा शर्मा बिष्ट | ६०००.० | ९००.० | ५१००.० |
| ३ | प्र.प्र.अ, पिताम्बर बिष्ट | १२०००.० | १८००.० | १०२००.० |
| ४ | उपसचिव, नरेन्द्र बहादुर खाति | १२०००.० | १८००.० | १०२००.० |
| ५ | बि.नि, रुपराम तिरुवा | १२०००.० | १८००.० | १०२००.० |
| ६ | बि.नि, शिवराज भट्ट | १२०००.० | १८००.० | १०२००.० |
| ७ | लेखापाल, जनक कुमार चौधरी | २०००.० | ३००.० | १७००.० |
| **जम्मा** | | | | **५२७००.०** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| ९४. | **जिन्सी दाखिला नभएको :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २४(१) अनुसार कार्यालयले खरिद गरी प्राप्त भएका जिन्सी सामानको ७ दिन भित्र आम्दानी बाध्नु पर्ने व्यवस्था छ । देहाय बमोजिमका सामानको कार्यालयमा दाखिला भएको छैन । त्यसैले उक्त सामानको जिन्सी दाखिला गरी आम्दानी बाध्नुपर्ने अन्यथा सो वापतको रकम असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु. | |

| गो.भौ.नं./मिति | विवरण | रकम |
|---|---|---|
| २५/२०७५/६/२४ | stainless steel rack | ३१५०३५.३ |
| | steel sofa | १७००० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | dell inspiron laptop I7 — ११२०००.० <br> Huwaei Nova 2 lite(2piece) — ४१५९२.९३ | |
| ९५. | **बैठक भत्ता :** १५३/२०७५/९/२५, अर्थ मन्त्रालय, कार्य संचालन निर्देशिका बमोजिम बैठक भत्ताको मापदण्डमा, स्पष्ट बिषयवस्तु र कार्ययोजना बेगर बैठक बस्न नपाईने, बैठक कार्यालय अघि वा पछि हुनुपर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने, कानुनअनुसार गठन भएका समितीहरुको बैठकका लागि मात्र भत्ता प्रदान गर्ने व्यवस्था रहेको छ । कार्यालयले छाडा पशु चौपाया व्यवस्थापन समितीको बैठकबापत देहायका पदाधिकारीलाई रकम भुक्तानी गरेकोमा, उक्त समितीको बैठक भत्ता भुक्तानी गर्न, उल्लिखित मापदण्ड पुरा गरेको नपाईएको हँदा, नियम विपरित भुक्तानी भएको बैठक भत्ता रकम सम्बन्धितबाट असुल गरिनुपर्ने रु | १६५७५.०० |

| सि.नं | नाम, पद | रकम | करकट्टी | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | न.प्र, जीवनराज थापा | १००० | १५० | ८५०.० |
| २ | ले.पा जनकलाल चौधरी | १००० | १५० | ८५०.० |
| ३ | समिती संयोजक, भारमल सुनार | १००० | १५० | ८५०.० |
| ४ | वडा अध्यक्ष, प्रताप ब.चन्द | १००० | १५० | ८५०.० |
| ५ | वडा अध्यक्ष, सुन्थ कुमार चौधरी | १००० | १५० | ८५०.० |
| ६ | वडा अध्यक्ष, सुप्पा तामाङ | १००० | १५० | ८५०.० |
| ७ | वडा अध्यक्ष, प्रेम बस्नेत | १००० | १५० | ८५०.० |
| ८ | वडा अध्यक्ष, विर ब. बोगटी | १००० | १५० | ८५०.० |
| ९ | वडा अध्यक्ष, मान ब. गुरुङ | १००० | १५० | ८५०.० |
| १० | वडा अध्यक्ष, राम दुलारे राना | १००० | १५० | ८५०.० |
| ११ | वडा अध्यक्ष, राना श्रवण | १००० | १५० | ८५०.० |
| १२ | वडा अध्यक्ष, नारायण प्रसाद जैसी | १००० | १५० | ८५०.० |
| १३ | वडा अध्यक्ष, सुकदेव राना | १००० | १५० | ८५०.० |
| १४ | वडा अध्यक्ष, तुलक्षी अर्याल | १००० | १५० | ८५०.० |
| १५ | सदस्य सचिव, कर्ण ब.शाही | १००० | १५० | ८५०.० |
| १६ | प्राविधिक, सुमनराज जोशी | १००० | १५० | ८५०.० |
| १७ | कृषक, खडक ब. खड्का | १००० | १५० | ८५०.० |
| १८ | कृषक, दिना निरौला | १००० | १५० | ८५०.० |
| १९ | कृषक, रुपेश खरेल | १००० | १५० | ८५०.० |
| २० | उदय राज ओझा | ५०० | ७५ | ४२५.० |
| | | | **जम्मा** | **१६५७५.०** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| ९६. | **अनुगमन भत्ता :** १६६/२०७६/३/२७, नेपाल सरकारबाट हस्तान्तरित कार्यक्रम संचालन गर्दा प्राप्त निर्देशिका बमोजिम रकम खर्च गरिनुपर्दछ । कार्यालयले औलो रोग नियन्त्रण कार्यक्रम संचालन बापत स्वास्थ्य संयोजक नन्दकुमार देवलाई रु १५००००.० भुक्तानी गरेको छ । संलग्न फाँटवारी परिक्षण गर्दा सो कार्यक्रमको सुपरभिजन तथा अनुगमन बापत देहायका पदाधिकारीलाई रकम भुक्तानी गरेकोमा, निर्देशिकामा सो कार्यक्रम | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | संचालनका लागि अनुगमन बापतको भत्ता उपलब्ध गराउने व्यवस्था नभएकोले, तोकिएको बाहेक भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गरिनुपर्ने रु | २६७७५.० |

| सि.नं | नाम | रकम | करकट्टी | **भुक्तानी रकम** |
|---|---|---|---|---|
| १ | प्र.प्र.अ, पिताम्बर पाण्डे | १०५००.० | १५७५.० | ८९२५.० |
| २ | स्वा.सं, नन्दकुमार देव | १०५००.० | १५७५.० | ८९२५.० |
| ३ | हे.अ, पुर्ण प्रसाद जैसी | १०५००.० | १५७५.० | ८९२५.० |
| **जम्मा** | | | | **२६७७५.०** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| ९७. | १५५/२०७५/९/२५, कार्यालयले कृषि कार्यक्रम संचालनको अनुगमन बापत देहायका पदाधिकारी एवम् कर्मचारीहरुलाई अनुगमन भत्ता भुक्तानी गरेको छ । कार्यालय एवम् जिम्मेवार पदाधिकारीले गर्नुपर्ने नियमित प्रकृतिका कार्य गर्न थप सुविधा भुक्तानीको औचित्य पुष्टि नहुने साथै सो कार्यका लागि अनुगमन भत्ता भुक्तानी गर्न पाउने आधार प्रमाण नभएको हुँदा, अनुगमन भत्ता सम्बन्धितबाट असुल गरिनुपर्ने रु | १५३००.० |

| सि.न. | नाम | रकम | करकट्टी | भुक्तानी |
|---|---|---|---|---|
| १ | संयोजक, भरमल सुनार | ३०००.० | ४५०.० | २५५०.० |
| २ | सदस्य, प्रताप बहादुर चन्द | ३०००.० | ४५०.० | २५५०.० |
| ३ | सदस्य, विर बहादुर बोगटी | ३०००.० | ४५०.० | २५५०.० |
| ४ | सदस्य, तुलसी अर्याल | ३०००.० | ४५०.० | २५५०.० |
| ५ | ना.प्र.स, कर्ण बहादुर शाही | ३०००.० | ४५०.० | २५५०.० |
| ६ | ना.प्र.स, सुमनराज जोशी | ३०००.० | ४५०.० | २५५०.० |
| | | | जम्मा | १५३००.० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| ९८. | **लागत अनुमान बराबरकै कार्यसम्पन्न प्रतिवेदन :** सार्वजनिक खरिद नियमावलीको नियम ९७ बमोजिम योजनाको लागत अनुमान तयार गरि उपभोक्ता समितीसँग सम्झौता गरि उपभोक्तले व्यहोर्नुपर्ने अंश समेत खुलाउनुपर्ने उल्लेख छ । सोही बमोजिम उपभोक्ता समितीले कार्यसम्पादन गरि सोको नाप जाँच कार्यालयले गरी, कार्यसम्पादन मूल्याङ्कनका आधारमा भुक्तानी गर्नुपर्दछ । निम्न बमोजिमको योजनाहरुको कार्यसम्पादन प्रतिवेदनमा खुलाईएको कार्यसम्पादनको रकम र लागत अनुमानको रकम बराबर हुन आएकोले प्राविधिक कर्मचारी निर्माणस्थलमा नगई कार्यसम्पन्न तयार गरेको हो वा वास्तविक काम नै लागत अनुमान बराबर भएको एकिन गर्न सकिने अवस्था रहेन । केही उदाहरण निम्नानुसार रहेका छन् : | |

| योजना | लागत अनुमान रकम | कार्यसम्पन्न रकम |
|---|---|---|
| सार्वजनिक शैचालय निर्माण, वडा नं ३ | ३४०४२२.०५ | ३४०४२२.०५ |
| सहिद स्मृति अधुरो भवन निर्माण | ११११६८९.० | ११११६८९.० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| ९९. | **उपस्थिती भत्ता :** ५८/२०७५/७/२७, कार्यक्रम संचालनको खर्च भुक्तानीमा सम्बन्धित कार्यक्रम संचालन निर्देशका, अर्थ मन्त्रालयको कार्यक्रम संचालन निर्देशिका एवम् प्रचलित तोकिए बमोजिम रकम भुक्तानी गरिनुपर्दछ । कार्यालयले स्थानिय तहस्तरिय स्वास्थ्य क्षेत्रको बार्षिक समिक्षा कार्यक्रम संचालनमा देहायका | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | सहभागिहरुलाई उपस्थिति भत्ता भुक्तानी गरेको छ । निर्देशिकामा उपस्थिति भएबापत भत्ता भुक्तानी गर्ने व्यवस्था नभएकोले, तोकिएको बाहेक भुक्तानी गरिएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु | २१०८०.० |

| पद | नाम | जम्मा रकम | करकट्टी | खुद भुक्तानी रकम |
|---|---|---|---|---|
| नगर प्रमुख | जीवन राज थापा | २००० | ३०० | १७०० |
| नगर उपप्रमुख | शारदा शर्मा बिष्ट | २००० | ३०० | १७०० |
| प्र.प्र.अ | पिताम्बर पाण्डे | २००० | ३०० | १७०० |
| का.पा सदस्य | सुरेश गजुरेल | २००० | ३०० | १७०० |
| चिकित्सक | सागर के.सी | २००० | ३०० | १७०० |
| हे.अ | जयबन्धु अर्याल | २००० | ३०० | १७०० |
| हे.अ | पुर्ण प्रसाद जैशी | २००० | ३०० | १७०० |
| अ.हे.ब | ओम प्रकाश पटेल | २००० | ३०० | १७०० |
| अ.हे.ब | राजेन्द्र भट्ट | २००० | ३०० | १७०० |
| अ.हे.ब | सरोज गौतम | २००० | ३०० | १७०० |
| अ.हे.ब | टिकेश्वरी पाठक | २००० | ३०० | १७०० |
| प्र.अ | प्रेम बहादुर सिँह | २००० | ३०० | १७०० |
| जिन्सी प्रमुख | राज बहादुर राना | ८०० | १२० | ६८० |
| | | | **जम्मा** | **२१०८०.०** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| १००. | **वितरणमुखि कार्यक्रम :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले कृषि, पशु आदिका अनुदान कार्यक्रम संचालन एवम् रकम भुक्तानी गर्दा लागत अनुमान तयार गरेको छैन । कार्यक्रम संचालनकालागि आवश्यक नियम, कार्यविधि निर्माण, लाभग्राहीको संख्या पहिचान तथा मापदण्ड तयार गरी स अनुदान वितरण गरेको छैन । साथै कार्यक्रम संचालन पश्चात्त सोको अनुगमन, उपलब्धि प्रगति विवरणसमेत संलग्न गरेको देखिएन । यस्ता प्रकृतिका योजना छनौट गर्दा मापदण्ड तयार गरी परिणाममुखी र उपलब्धीमापन योग्य कार्यक्रम संचालन गर्नेतर्फ ध्यान जानुपर्दछ । | |

| भौ.नं/मिति | कार्यक्रम | भुक्तानी बुझिलिने | रकम |
|---|---|---|---|
| ५८०/२०७६/३/१७ | पचास प्रतिशत अनुदानमा धानको बिउ वितरण | ना.प्र.स,कर्ण बहादुर शाही | ४७००००.० |
| ७०/२०७५/७/२८ | सुनौलो हजार दिन गर्भवती महिलाको घरमा हरियो झन्डा राख्ने | स्वास्थ्य संयोजक, नन्द कुमार देव | १०००००.० |
| ११८/२०७५/९/३ | उपभोक्ता समितीका पदाधिकारीलाई आयोजना संचालन सम्बन्धि एक दिने अभिमुखिकरण | ओमनाथ ढकाल | ४००८०४.० |
| १५४/२०७५/९/२५ | उन्नत आलु वितरण तथा च्याउ खेती कार्यक्रम | ना.प्र.स,कर्ण बहादुर शाही | ६५८०००.० |
| १५३/२०७५/९/२५ | गहुँको उन्नत बिउ खरिद तथा वितरण | ना.प्र.स,कर्ण बहादुर शाही | ८३९१०५.० |

कार्यालयको नाम : पुर्नवास नगरपालिका,कञ्चनपुर । आ.व.२०७५।७६

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>१०१.</td><td>सुत्केरी प्रोत्साहन : १३३/२०७५/९/१०, कार्यालयले स्वास्थ्य सम्बन्धि कार्यक्रम अन्तर्गत विभिन्न स्वास्थ्य संस्थाहरुको सुत्केरी पछिको चेकजाँच प्रोटोकोल अनुसार प्रोत्साहन खर्च देहायका स्वास्थ्य संस्थाहरुलाई भुक्तानी गरेको छ । सो कार्यक्रमको रकम भुक्तानी गर्न आवश्यक प्रक्रिया एवम् रकम तोकिएको पाईएन । संलग्न फाँटवारी परीक्षण गर्दा सुत्केरी पछिको चेकजाँच संख्या एवम् अन्य खर्च पुष्टि हुने कागजात पेश नभएकोले, खर्च पुष्टिको प्रमाण पेश हुनुपर्ने रु
<table>
<tr><th>स्वास्थ्य संस्था</th><th>रकम</th></tr>
<tr><td>कालिका स्वास्थ्य चौकी</td><td>३०६००.०</td></tr>
<tr><td>त्रिभुवनबस्ती स्वास्थ्य चौकी</td><td>४६८००.०</td></tr>
<tr><td>शहरी स्वास्थ्य क्लिनिक</td><td>४७४००.०</td></tr>
<tr><td>जम्मा</td><td>१२४८००.०</td></tr>
</table>
</td><td>१२४८००.०</td></tr>
<tr><td>१०२.</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम : प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिका बमोजिम श्रमिकहरुको तलब बैंक खातामार्फत भुक्तानी नगरी रोजगार संयोजक स्वयम्ले रकम बुझि श्रमिकलाई रकम वितरण गरेका पाईयो । पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन ।</td><td></td></tr>
</table>

अनुसूची १

## पुर्नवास नगरपालिकाको सञ्चित कोष विवरण
## २०७५।७६

(रु.हजारमा)

| क्र.स | स्थानीय तह | जिल्ला | आय | | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | जम्मा आय | चालु खर्च | पूजीँगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १ | पुर्नवास नगरपालिका | कञ्चनपुर | ७४२४६ | १५३८५९ | १६०५७८ | २२१९५६ | ५३६३९३ | २८९९३९ | २०९५३५ | २६९४ | ५०२१६८ | १०८४७१ |

अनुसूची-२

## बेरुजू वर्गीकरण (विनियोजन,राजस्व,धरौटी र अन्य कारोवार)
## २०७५।७६

(रु.हजारमा)

| क्रस | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सै. | ल. | रकम | सै. | ल. | रकम | सै. | ल. | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी पेश्की | अन्य पेश्की | जम्मा |
| १ | पुर्नवास नगरपालिका | ६२ | ४२ | ३२३६३ | ० | २ | २७७ | ६२ | ४० | ३२०८६ | १४४९७ | ३२१६ | १४३७३ | ० | ० | १७५८९ | ० | ० | ३२०८६ |

अनुसूची-३

## अद्यावधिक वेरुजू स्थिति
## २०७५।७६

| क्र.सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | पुर्नवास नगरपालिका | कञ्चनपुर | ८८३५ | २२४२ | ६५९३ | ४५४ | ३२०८६ | ३९१३३ |